दर्ता नं.: ७३८/०६४/०६५ |

"उद्यमशीलता र पारदर्शीता: सहकारीको प्राथमिकता"

"नियमित बचत समृद्ध भविष्य"

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.

Mangalpur Saving & Credit Co-operative Ltd.



१९ औं

वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदन (आ. व. २०८२/०८३)

मिति: २०८३ असोज २४ गते

Email: mangalpursaccos.2060@gmail.com
Web: mangalpursaccos.com.np

मुख्य कार्यालय: भरतपुर महानगरपालिका-१६, चितवन फोन: ०५६-५०२०२१
सेवाकेन्द्र: भरतपुर-३, शहिदचोक, संगम मार्केट, फोन: ०५६-४८३००७

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को २९ औं स्थापना दिवसको अवसरमा चितवन जिल्लामा संचालित बचत तथा ऋण सहकारीहरूको स्व-मूल्याङ्कनमा **प्रथम स्थान** प्राप्त गर्न सफल भई सम्मान पत्र ग्रहण गर्दै संस्थाका व्यवस्थापक रामजी घिमिरेज्यू



मंगलपुर QR बैंकिङ्ग

सरल, सुरक्षीत अनि भर पर्दो कारोबारको लागि

QR Payment

फोन-पे मार्फत जुनसुकै बैंकमा पेमेन्ट वा रिसिभ गर्न सकिने



मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.
Saving & Credit Co-operative Ltd.

मोबाइल बैंकिङ्ग

सरल, सुरक्षीत अनि भर पर्दो कारोबारको लागि

- Mobile Banking
- Connect IPS
- Internet Banking
- Wallet
- QR
- Remittance

- जुन सुकै स्मार्ट फोनमा पनि चल्ने
- जुन सुकै बैकमा पनि पठाउन सकिने
- जुन सुकै वालेटमा पनि पैसा पठाउन सकिने
- जुन सुकै क्यु आर पनि स्क्यान गर्न सकिने
- जुन सुकै रेमिट्यान्स पनि भुक्तनी गर्न सकिने
- जुन सुकै डिजिटल माध्यमबाट पनि पैसा सहकारीको आफ्नै खातामा पठाउन सकिने
- फोनकल बैकिङ्ग सेवा
- सम्पूर्ण सुविधायुक्त-सहकारीहरुको लागि एक मात्र स्मार्ट एप



मंगलपुर साकोस मोबाइल बैकिङ्ग सेवा सुचारू गर्न आजै नजिकैको सेवा-केन्द्रमा सम्पर्क गर्नुहोस् ।



आबद्धता

चिस्कून

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

Chitwan District Saving & Credit Cooperative Union Ltd. (CHIDSCUN)

भरतपुर महानगरपालिका-१०, चितवन

ऐक्यबद्धता नेपाल

प्रशंशा-पत्र

श्री रामजी घिमिरे
व्यवस्थापक
मंगलपुर साकोस, भरतपुर-१६

यस संघमा आवद्ध चितवन जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्था लि.को प्रगति मूल्यांकन, सुशासन र स्वमुल्यांकनका आधारमा आ.व. ०८१/०८२ मा कुल पूँजी ३० करोडभन्दा माथि कारोबार गर्ने सहकारी संस्थाका कर्मचारीहरु मध्येबाट प्रथम हुन सफल हुनु भएकोले २५औँ स्थापना दिवसको सु-अवसरमा स-सम्मान यो प्रशंशा-पत्र प्रदान गरिएको छ । भविष्यमा संस्थाको अझै प्रगतिको कामना गर्दछौं ।

गोविन्द्रप्रसाद भट्टराई
कार्यक्रम संयोजक/कोषाध्यक्ष
चिस्कून

शरद कुमार बर्तौला
प्रमुख अतिथि
अध्यक्ष,जिल्ला सहकारी संघ लि. चितवन

मितिः २०८२/११/२५ गते

विद्या कोइराला
अध्यक्ष
चिस्कून

cdsccuchitwan@gmail.com chitwandu.coop.np

भरतपुर महानगरपालिका-१०, बाईपास रोड, चितवन
फोन नं : ०५६-५९४३५०, ५९३००३

दर्ता नं.: ७३८/०६४/०६५ | पान नं.: ३०४८१८६००

सहकारीमा सुशासनः प्रविधि २ एकीकरण

"नियमित बचत समृद्ध भविष्य"

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.

Mangalpur Saving & Credit Co-operative Ltd.

NEFSCUN

ऋण योजनाहरू

क) उत्पादक ऋणः-

१. कृषि तथा पशुपालन ऋणः कृषि तथा पशुपालन व्यवसायको लागि प्रवाह गरिने ऋण
२. लघु उद्यम ऋणः घरेलु उद्यम संचालनका लागि प्रवाह गरिने ऋण
३. औद्योगिक ऋणः उद्योग कलकारखाना संचालनका लागि प्रवाह गरिने ऋण
४. व्यापारिक ऋणः विभिन्न पसल तथा व्यावसाय संचालनका लागि प्रवाह गरिने ऋण
५. सेवा व्यवसाय ऋणः सेवामा आधारित व्यावसाय संचालनका लागि प्रवाह गरिने ऋण
६. बैदेशिक रोजगार ऋणः बैदेशिक रोजगारमा जानको लागि प्रवाह गरिने ऋण

ख) अनु उत्पादक ऋणः

१. हायर पर्चेज ऋणः मोटर साइकल, अटो रिक्सा, एवं ५० लाख सम्मका सवारी साधनहरु खरिद गर्नका लागि प्रवाह गरिने ऋण
२. घर/जग्गा ऋणः जग्गा खरिद एवं घर मर्मत तथा निर्माणका लागि प्रवाह गरिने ऋण
३. घरायसी ऋण : घरायसी खर्च एवं खरखाँचो टार्नको लागि प्रवाह गरिने ऋण
४. आपतकालिन ऋणः आकस्मिक घटना या दुर्घटना पर्दाको बखत प्रवाह गरिने ऋण
५. शैक्षिक ऋण : स्वदेश या विदेशमा अध्ययनका लागि प्रवाह गरिने ऋण
६. बचत ऋण : मासिक या आवधिक बचतको ५० प्रतिशत सम्म मात्र प्रवाह गरिने ऋण
७. घरायसी सामान खरिद ऋणः कुनै पनि घरायसी सर-सामान (जस्तैः वासिङ मेसिन, टि.भि., फ्रिज, AC, फर्निचर सामान) खरिद गर्ने उद्देश्यले लगानी गरिने ऋण ।

बचत योजनाहरू

१. मासिक बचत :- प्रत्येक महिना नियमित रुपमा रु ५०० वा १००० का दरले गरिने बचत
२. दैनिक बचत :- संस्थाबाट कर्मचारीहरु प्रत्येक दिन सदस्यहरुको घर दैलोमा आई गरिने बचत
३. ऐच्छिक बचत :- सदस्यहरुले आफ्नो इच्छा बमोजिम गरिने बचत
४. विशेष बचत :- न्यूनतम रु २५,०००।०० मौज्दात रहने गरी गरिने बचत
५. नारी बचत :- नारीहरुले मात्र विशेष कार्यको लागि जम्मा गरिने बचत
६. जेष्ठ नागरिक बचत : ७१ बर्ष पूरा भएका सदस्यहरुले गरिने बचत
७. आवधिक बचत :- समय अवधि तोकी बढि ब्याज प्राप्त गर्ने गरि गरिने बचत
८. खुत्रुके बचत :- सदस्यका बालबालिकाहरुले मासिक रुपमा गरिने बचत (बालबालिकाहरु १६ बर्ष पुगेपछि मात्र भिक्न मिल्ने
५. कोपिला बाल बचत :- सदस्यका बालबालिकाहरुले मासिक रुपमा नियमित कम्तिमा रु. १०० का दरले गरिने बचत (बालबालिका १६ बर्ष पुगेपछि बचतको आधा रकम भिक्न मिल्ने र बाँकी आधा बचतले संस्थाको शेयर खरिद गरि सदस्यता लिने बचत
१०. रेमिट्यान्स बचत :- बैदेशिक रोजगारबाट प्राप्त रकमबाट गरिने बचत
११. बीमा बचत :- जीवन बीमा वा स्वास्थ्य बीमाको प्रिमियम भुक्तानी गर्ने उद्देश्यले गरिने बचत ।
१२. घरायसी सामान खरिद बचतः कुनै पनि घरायसी सर-सामान (जस्तैः वासिङ मेसिन, टि.भि., फ्रिज, AC, फर्निचर सामान) खरिद गर्ने उद्देश्यले गरिने बचत ।
१३. गहना बचतः- गरगहना खरिद गर्ने उद्देश्यले नियमित गरिने बचत ।
१४. क्रमिक बचतः- इच्छाइएको बचत रकम जम्मा गरी तोकिएको समय पुरा भएपछि एकमुष्ट ब्याजसहित भुक्तानी लिने बचत ।

Email: mangalpursaccos.2060@gmail.com
Web: mangalpursaccos.com.np

मुख्य कार्यालयः भरतपुर महानगरपालिका-१६, चितवन फोनः ०५६-५०२०२१
सेवाकेन्द्रः भरतपुर-३, शहिदचोक, संगम मार्केट, फोनः ०५६-४५३००७

दर्ता नं.: ७३८/०६४/०६५ | Regd. No.: 738/064/065 पान नं.: ३०४८१८६०० | PAN No. : 304818600

"नियमित बचत समृद्ध भविष्य"

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.

Mangalpur Saving & Credit Co-operative Ltd.

प.स.: २०८३/०८४
च.न.: ४०

मिति: २०८३/०५/१८

श्रीमान् शेयर सदस्यज्यूहरु :

विषय: १९औं बार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धि अत्यन्त जरूरी सूचना!

प्रस्तुत विषयमा मंगलपुर बचत तथ ऋण सहकारी संस्था लि. संचालक समितिको २३३औं बैठकको निर्णय अनुसार तपशिलको मिति, समय र स्थानमा देहाय बमोजिको प्रस्तावहरु माथि छलफल गरी निर्णय गर्न १९औं बार्षिक साधारण सभाको आयोजना गरिएकोले उक्त सभामा अनिवार्य उपस्थित हुनुहुन विनम्र अनुरोध गरिन्छ ।

छलफल तथा निर्णायर्थ प्रस्तुत प्रस्तावहरु:

१. आ.व.०८२/०८३ को बार्षिक प्रगति र आर्थिक प्रतिवेदन पारित सम्बन्धमा ।
२. आ.व.०८२/०८३ का आन्तरिक लेखा तथा सुपरिवक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
३. आ.व.०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
४. आ.व.०८३/०८४ को नीति, कार्यक्रम, योजना तथा बजेट स्विकृत सम्बन्धमा ।
५. विनियम र आन्तरिक कार्यविधिहरु संशोधन सम्बन्धमा ।
६. शेयर लाभांश र संरक्षित पुँजि फिर्ता कोष वितरण सम्बन्धमा ।
७. पेश्कि बजेट स्विकृत सम्बन्धमा ।
८. आ.व.०८३/०८४ को लेखापरिक्षण गर्न बाह्यलेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा
९. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

मिति: २०८३ असोज २४ गते, शनिवार ।
समय: बिहान १०:०० बजे देखि २:३० बजे सम्म मात्र ।
स्थान: मंगलपुर गार्डेन पार्टि प्यालेस, भरतपुर-१५, मंगलपुर बजार चितवन

- साधारण सभामा प्रस्तुत हुने प्रतिवेदन पुस्तिका संस्थाबाट प्राप्त गरि वा संस्थाको वेभसाइट **mangalpursaccos.com.np** मा डाउनलोड गरि पढ्न सकिनेछ। सुझाव भएमा २०८३ असोज २२ गतेसम्म पेश गर्नुहुन अनुरोध गरिन्छ।
- साधारण सभामा सहभागी हुन २०८३ भाद्र महिनासम्मको मासिक बचत अनिवार्य जम्मा गरिसकेको हुनुपर्नेछ।
- मासिक बचत नियमित भएका शेयर सदस्यहरुको छोरा/छोरीहरु मध्ये बाट कक्षा-८, एस.ई.ई. र कक्षा १२ को परीक्षामा उत्ष्कृट अंक प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई पुरष्कृत गरिने भएको हुँदा २०८३ भदौ २० गतेभित्र लब्धाङ्क-पत्र (Grade Sheet) संस्थामा उपलब्ध गराउन जानकारी गराईन्छ. ।
- साधारण सभामा उपस्थिति जनाउन सजिलोका लागि आ-आफ्नो सदस्यता नं. लिएर आउनुहुन अनुरोध छ ।

रामचन्द्र बस्तोकोटी
सचिव

Email: mangalpursaccos.2060@gmail.com
मुख्य कार्यालय: भरतपुर महानगरपालिका-१६ गा.वि.स. चोक, चितवन
फोन: ०५६-५०२०२१
सदस्य सेवाकेन्द्र: भरतपुर-३, शहिदचोक, संगम मार्केट, फोन: ०५६-४९३००७

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.

भरतपुर महानगरपालिका-१६, मंगलपुर, चितवन

संस्थाको संक्षिप्त जानकारी

१. **संस्थाको दर्ता नं.** : ७३८/२०६४/२०६५

२. **संस्था दर्ता मिति** : २०६४/०६/०१ गते

३. **शेयर सदस्य संख्या** : ३१३२ जना

३.१) महिला : १७५५ जना ३.२) पुरुष : १३६२ जना ३.३) संस्थागत : १५

४. **संस्थाको कार्यक्षेत्र :** भरतपुर महानगरपालिका

५. **वर्तमान सञ्चालक समितिको निर्वाचन मिति :** २०८२/०६/०६ गते

६. **सञ्चालक समितिको कार्यकाल :** ४ वर्ष

७. **पछिल्लो साधारण सभा सम्पन्न मिति** : २०८२/०६/०६ गते

८. **सञ्चालक समितिको सदस्य संख्या : ९ जना**

८.१) महिला : ५ जना ८.२) पुरुष : ४ जना

९. **कर्मचारी सङ्ख्या : १३ जना**

९.१) सहकारी व्यवस्थापक : १ जना ९.२) ऋण शाखा प्रमुख : १ जना

९.३) सेवा केन्द्र प्रमुख : १ जना ९.४) वरिष्ठ ऋण सहायक : १ जना

९.५) कार्यालय सहायक : २ जना ९.६) जुनियर कार्यालय सहायक : १ जना

९.७) जुनियर बचत सहायक : ५ जना ९.८) कार्यालय सहयोगी : १ जना

१०. **सञ्चालक समितिको नामावली :**

१०.१) अध्यक्ष : श्री बाबुराम परियार १०.२) उपाध्यक्ष : श्री विष्णु माया पाण्डे

१०.३) सचिव : श्री रामचन्द्र वस्ताकोटी १०.४) कोषाध्यक्ष : श्री लालुमायाँ पाँडे भट्ट

१०.५) सह सचिव : श्री गंगाधर पोखरेल १०.६) सदस्य : श्री डिलाराम कडेल

१०.७) सदस्य : श्री रोश्नी बुढाथोकी १०.८) सदस्य : श्री कोपिला अर्याल सापकोटा

१०.९) सदस्य : श्री लिला कुमारी बाँनिया विष्ट

११. **लेखा तथा सुपरीवेक्षण समिति :**

११.१) संयोजक : श्री सुदिप पौडेल

११.२) सदस्य : श्री विनोद गुरुङ

११.३) सदस्य : श्री अमृता खत्री पण्डित

१२. **उप-समितिहरु:**

सेवाकेन्द्र सञ्चालन उप-समिति:

१२.१) संयोजक: श्री रामचन्द्र वस्ताकोटी

सदस्य : श्री अप्सरा क्षेत्री

सदस्य : श्री अतिना परियार

सदस्य : श्री रामचन्द्र भण्डारी

सदस्य : श्री सन्ध्या बुढाथोकी बस्नेत

१२.२) **ऋण उप-समितिः**
संयोजक: श्री विष्णुमाया पाण्डे
सदस्य : श्री शेषकान्त कंडेल
सदस्य : श्री टंकप्रसाद कंडेल

१२.३ **शिक्षा उप-समितिः**
संयोजक: श्री कोपिला अर्याल सापकोटा
सदस्य : श्री कपिल थापा
सदस्य : श्री सत्य तिवारी पाण्डे

१२.४ **सदस्य विस्तार उप-समितिः**
संयोजक: श्री डिलाराम कंडेल
सदस्य : श्री गंगा राई
सदस्य : श्री सयपत्री घले
सदस्य : श्री सविता भण्डारी
सदस्य : श्री संजय पौडेल

१२.५. **स्वास्थ्य उप-समितिः**
संयोजक: श्री रोश्नी बुढाथोकी
सदस्य : श्री पवित्रा पुरी
सदस्य : श्री विष्णु प्रसाद दुङ्गाना
महिला परिचालन उप-समितिः

१२.६ **संयोजक : श्री लालुमाया पाण्डे (विन्दु)**
सदस्य : श्री पद्मा के.सी. तमाङ
सदस्य : श्री रुपा वि.क.

१२.७ **कृषि तथा व्यवसाय प्रवर्द्धन उप-समिति**
संयोजक : श्री लिला कुमारी बानियाँ विष्ट
सदस्य : श्री बासुदेव सापकोटा
सदस्य : श्री सीता थापा

१२.८ **बाल तथा युवा परिचालन उप-समितिः**
संयोजक: श्री गंगाधर पोखरेल
सदस्य : श्री कृष्ण बहादुर अधिकारी
सदस्य : श्री बिन्दु महतो

१३. **सल्लाहकारहरु :**
१३.१) श्री ईन्द्रबहादुर वस्नेत
१३.२) श्री तेजेन्द्र प्रसाद शर्मा
१३.३) श्री भरत अधिकारी
१३.४) श्री ज्ञानुदेवी घिमिरे
१३.५) श्री भानुभक्त सापकोटा

संक्षिप्त वित्तिय विवरण

शीर्षक	रकम
शेयर	३,६४,८४,४००
बचत	४१,२८,०१,९३८
जगेडा कोष	६,३२,९१,९४३
संस्थागत पूँजी	६,६०,३९,८६६
तरलता	६,६६,९४,७४९
लगानी	६२,२७,१३९
ऋण लगानी	४८,३४,३६,८८६
ऋणी सदस्य	९४० जना
स्थायी सम्पत्ति	१,३५,६२,४४७
ऋण जोखिम कोष	३,३७,२३,२१०
कुल सम्पत्ति	५७,०६,००,४२७
यस वर्ष राज्यलाई भुक्तानी गरिएको आयकार टि.डि.एस.	७८,६१,१३८

१४. पूर्व अध्यक्षहरु

१४.१) शुरविर पोखेल
१४.२) बद्रिप्रसाद चापागाई
१४.३) केशव कुमार पाण्डे
१४.४) ईन्द्रबहादुर बस्नेत
१४.५) क्षेत्र प्रसाद सापकोटा

१५. कर्मचारीको विवरण :

१५.१) व्यवस्थापक : रामजी घिमिरे
१५.२) ऋण शाखा प्रमुख : अनिल खनाल
१५.३) सेवा केन्द्र प्रमुख : आशा गुरुङ
१५.४) वरिष्ठ ऋण सहायक : अनुप तामाङ्ग
१५.५) कार्यालय सहायक : नानुका ढकाल
१५.६) कार्यालय सहायक : दुर्गा पोखरेल अधिकारी
१५.७) जुनियर का.स. : सानुमाया बाँनिया
१५.८ जुनियर बचत सहायक : अनिता गुरुङ्ग
१५.९) जुनियर बचत सहायक : अस्मिता भण्डारी
१५.१०) जुनियर बचत सहायक : अञ्जु अर्याल
१५.११) जुनियर बचत सहायक : विमला रानाभाट
१५.१२) जुनियर बचत सहायक : दिपा रानाभाट
१५.१३) कार्यालय सहयोगी : सिता कडेल

१६. बैठक संख्या :

१६.१) साधारण सभा १ पटक
१५.२) सञ्चालक समितिको वैठक १३ पटक
१५.३) लेखा सुपरिवेक्षण समितिको वैठक २० पट
१५.४) ऋण उपसमितिको वैठक २१ पटक

१७. सम्पर्क नं. :

१७.१) ईमेल : mangalpursaccos.2060@gmail.com
१७.२) कार्यालय : ०५६५०२०२१
१८.३) अध्यक्ष : ९८५५०६०५७२
१७.४) सचिव : ९८५५०६२११६
१७.५) कोषाध्यक्ष : ९८४५६७२९४७
१७.६) ऋण संयोजक : ९८४५०६९२३६
१७.७) लेखा संयोजक : ९८४५३५५३९५
१७.८) व्यवस्थापक : ९८४५०५६७१८
१७.९) website: mangalpursaccos.com.np

१८. प्रारम्भिक साधारण सभाको मिति : २०६४/०९/१४ गते

१९. पुरस्कार एवम् सम्मान विवरण :

	सम्मान गर्ने निकाय
१९.१) अभियान तर्फ	
क) नेफ्स्कून सहयोग सम्मान -२०७५	नेफ्स्कून
१९.२) समुदाय तर्फ	
क) पूर्ण खोप योगदान सम्मान -२०७३	स्थानीय निकाय
ख) उत्कृष्ट रक्तसंकलक संस्था सम्मान -२०७६, २०८०, २०८२	ने.रे.सो. क्षेत्रीय रक्त सञ्चार केन्द्र
१९.३) संस्थागत तर्फ	
क) उत्कृष्ट सहकारी सम्मान-२०७६, २०७८, २०८१	चि.जि.बचत तथा ऋण सहकारी संघ
१९.४ व्यक्तिगत तर्फ	
क) उत्कृष्ट अध्यक्ष सम्मान -२०७५,	सहकारी प्र.तथा डिभिजन कार्यालय
ख) उत्कृष्ट व्यवस्थापक सम्मान -२०७८, २०७९, २०८१	भ.म.न.पा र चिस्कून
ग) सर्वोत्कृट व्यवस्थापक सम्मान -२०८२	चि.जि.बचत तथा ऋण सहकारी संघ

मंगलपुर साकोसमा नै सदस्यता किन?

- समुदायमा आधारित सहकारी संस्था ।
- संस्थाको नीति तथा कार्यक्रमहरुलाई समयानुकुल परिमार्जन गरी लागु गरिने ।
- पारदर्शी र व्यवस्थित लेखा प्रणाली तथा कारोवारको लागि आधुनिक सफ्टवेयरको प्रयोग ।
- आफ्नै सुविधा सम्पन्न ३ तले निजी भवन तथा छुट्टाछुट्टै विभागको व्यवस्था एवम् ४० जना सिट क्षमताको अत्याधुनिक तालिम हलको सुविधा भएको ।
- अन्तर्राष्ट्रिय अभ्यास बमोजिम वित्तिय सुसासन कायम गर्न पल्स प्रणाली लागु गरिएको साथै नेपाल ब्राण्ड Probation, SCAN कार्यक्रममा विगत ७ वर्षदेखि लगातार समावेश भएको संस्था ।
- नीति,नियम, निर्देशिका कार्यविधि र प्रविधिहरु सञ्चालित तथा सदस्य राहतकोषको व्यवस्था ।
- शेयर लगानीको उच्चतम प्रतिफल तथा पाएको र तिरेको ब्याजमा समेत उच्च बोनस वितरण गर्दै आएको संस्था ।
- चितवन जिल्लाको उत्कृष्ट अध्यक्ष सम्मान २०७३ बाट सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय चितवनद्वारा सम्मानित तथा पटक-पटक जिल्ला स्तरमा सहकारी एवम् व्यवस्थापक उत्कृष्ट विधामा सम्मानित भएको संस्था ।
- संस्थागत पुजीको अवस्था उच्चतम रहेको ।
- आधुनिक प्रविधिहरु SMS Banking र Mobile Banking सुविधा उपलब्ध भएको ।
- माथि उल्लेखित १९ नं. बमोजिम संस्थाले प्राप्त गरेको सम्मान तथा पुरस्कार ।

मंगलपुर सहकारी संस्थाको आवद्धता:

१) चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ
२) जिल्ला सहकारी संघ
३) बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ
४) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ
४) राष्ट्रिय सहकारी बैंक
५) भरतपुर महानगरपलिका नगरकार्यपालिकाको कार्यालय
६) आन्तरिक राजस्व कार्यालय भरतपुर

शेयर सदस्यको जिम्मेवारी र भूमिका:

१) सदस्यहरुले नियमित रुपमा तोकिए बमोजिम बचत जम्मा गर्नु पर्दछ ।
२) संस्थाको विनियम र नीतिहरुको पालना गर्नु पर्दछ ।
३) सदस्यहरुले तोकेको समयभित्र ऋणको किस्ता र व्याज भुक्तानी गर्नु पर्दछ ।
४) संस्थाले समय-समयमा दिएको सल्लाह, सुझाव पालना गर्नु पर्दछ ।
५) संस्थाद्वारा आयोजित कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्दछ ।
६) संस्थाको बारेमा कुनै टिका टिप्पणी थाहा पाए संस्थामा जानकारी गराउनु पर्दछ ।
७) संस्थाबाट लिएको ऋण रकम अधिकतम सदुपयोग गर्नु पर्दछ ।
८) फजुल खर्च कम गरी साधारण र सम्पन्न जीवनयापन गर्नु पर्दछ ।
९) शेयर सदस्यको हैसियतबाट संस्थालाई समय-समयमा सकरात्मक सुझाव दिई राख्नु पर्दछ ।

वार्षिक प्रगति प्रतिवेदन
आ.व. २०८२/०८३



श्री रामचन्द्र बस्ताकोटी
सचिव

मंगलपुर साकोसको १९औं बार्षिक साधारण सभाका सभापति महोदय ,प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु,पुर्व अध्यक्षज्यूहरु, सञ्चालक समिति, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु सल्लाहकारज्यूहरु, लेखासमिति, ऋण उप-समिति लगाएत विभिन्न उप-समितिकासदस्यज्यूहरु, संस्थाको दिगो विकास र आर्थिक प्रगतिको लागी खटिनुहुने व्यवस्थापक एवं कर्मचारीहरु तथा उपस्थित आदरणीय **शेयर सदस्यज्यूहरूः**

सर्वप्रथम आज यस मंगलपुर साकोसको १९औं **बार्षक साधारण सभा**समारोहमा उपस्थित यहाँहरुलाई संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन टक्राउँदै संस्थाको आ.वा. २०८२/०८३ मा भएक गरेका विविध क्रियाकलापहरुका बारेमा सङ्क्षिप्त जानकारी सहित यो वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सभापति महोदय,

समूहका सदस्यहरु बीच मासिक बचत गर्ने बानीको विकास गरी एक अर्कामा स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितव्ययीताको भावना अभिवृद्धिगरि जम्मा भएको बचतलाई आयमूलक व्यवसाय संचालन, घरायसी समस्या टार्न र सामाजिक साँस्कृतिक उत्सवजन्य कार्यको लागि सुलभ व्याजदरमा सर्वसुलभ तरिकाले ऋण स्वरुप सदस्यहरुलाई नै लगानी गर्ने प्रमुख उद्देश्यका साथ २०६० साल मंसिर १५ गतेबाट साबिक मंगलपुर गा.वि.स. अर्न्तगत वडा नं.४ गा.वि स. चोकमा सिर्जनसिल बचत समूहको स्थापना गरि मासिक बचत थालनी गरिएको थियो । यसै क्रममा यस बचत समूहलाई २०६४ असोज १ गतेका दिन संस्थाका पूर्व अध्यक्ष श्री बद्रि प्रसाद चापागाइँको नेतृत्वमा ३७ जना सदस्यहरु सहभागी भई विधिवत रुपमा मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि. को नाममा सहकारी डिभिजन तथा प्रशिक्षण कार्यलय भरतपुरमा दर्ता गरियो, तत् पश्चात मासिक, ऐच्छिक, दैनिक, खुत्रुके बचत तथा अन्य विविध बचत कार्यक्रमहरुको माध्यमद्धारा संकलित बचत रकमलाई संस्थामा आवद्ध शेयर सदस्यहरुको आय-आर्जनमा बृद्धि गर्दै आर्थिक तथा सामाजिक अवस्थामा सुधार गर्न विभिन्न शीर्षकमा ऋण लगानी गर्दै आइरहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ। शेयर सदस्यहरुको साथ र सहयोग एवं संचालक समिति तथा कर्मचारीहरुको जिम्मेवारपूर्वक मिहिनेत, इमान्दारिता, जवाफदेहिता, लगनशिलता र पारदर्शिताका कारण संस्थाले उपलब्धीमूलक अवस्थामा आफूलाई स्थापित गर्न सफल भएको छ । मंगलपुर साकोसलाई अझै उत्कृष्ट बनाउँदै लैजान सबै शेयर सदस्यज्यूहरुको आवश्यक सहयोग सल्लाह र सुझाव दिदैजनुहुनेछ भन्ने आशा र विश्वास राखेको छु ।

सभापति महोदय एवं शेयर सदस्यज्यूहरु,

अव म यस आ.व. भित्रका क्रियाकलाप तथा प्रगति विवरण बुँदागत रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१) बैठक सञ्चालन

१.१ आ.व २०८२/०८३ मा संचालक समितिको नियमित १२ विशेष १ वटा गरि जम्मा १३ वटा बैठकहरु सम्पन्न भएका छन् र सम्पुर्ण प्रस्तावहरु सर्वसम्मत निर्णयहरु भएका छन् । कार्य विभाजन तथा लक्षित कार्यक्रम सफलता पूर्वक सम्पन्नको लागि सहजिकरण गर्न विभिन्न ८ वटा उप समितिहरु गठन गरि जिम्मेवारी प्रदान गरिएको छ ।

१.२ मूख्य कार्यालय र सेवा केन्द्र गरि लेखा तथ सुपरिवेक्षण समितिको २० वटा बैठकहरु सम्पन्न भएका छन् र लेखा तथा सुपरिवेक्षण समितिबाट प्राप्त सुझावहरु कार्यान्वयन भएका छन् ।

१.३ ऋण उप-समितिको २१ वटा बैठकहरु बसि ऋण लगानी तथा असुली सम्बन्धि विभिन्न निर्णयहरु भई संचालक समितिमा पेश भएका सुझावहरु कार्यन्वयन भइरहेका छन । स्क्यान कार्यदलको ४ वटा बैठकहरु बसि संस्थाको वित्तिय विश्लेषण एवं संस्थाको सुशासन सम्बन्धि टुल्सहरुको विश्लेषण गरि संचालक समितिमा पेश भएका सुझावहरु छलफल गरि कार्यन्वयन भएका छन । आ.व. २०८२/०८३ मा संचालक समित, लेखा तथा सुपरिवेक्षण समिति, सेवा केन्द्र संचालन उप-समिति र विभिन्न उप-समितिको गरि जम्मा ७१ वटा बैठकहरु सम्पन्न भएका छन ।

१.४ गतबर्षको अधिवेशन पश्चिात नयाँ सञ्चालक समितिको जम्मा १० वटा बैठकहरु सम्पन्न भएका छन् बैठकमा उपस्थिति देहाय बमोजिम रहेको छ ।

क्र.स.	पद	नाम	उपस्थित बै. संख्या	उपस्थित %
१	अध्यक्ष	श्री बाबुराम परियार	१०	१०० %
२	उपाध्यक्ष	श्री विष्णुमाया पाण्डे	१०	१०० %
३	सचिव	श्री रामचन्द्र बस्ताकोटी	९	९० %
४	कोषाध्यक्ष	श्री लालुमायाँ पाँडे भट्ट	९	९० %
५	सह सचिव	श्री गंगाधर पोख्रेल	९	९० %
६	सदस्य	श्री डिलाराम कंडेल	१०	१०० %
७	सदस्य	श्री रोश्नी बुढाथोकी	७	७० %
८	सदस्य	श्री कोपिला अर्याल सापकोटा	७	७० %
९	सदस्य	श्री लिला कुमारी बानिया विष्ट	९	९० %

२. सदस्यता

गत आ.व मा जम्मा सदस्य संख्या ३,१३१ भएकोमा यस आ.व.भित्र ३२५ जना नयाँ सदस्य थप भएको छ । स्वऐच्छिक रुपमा सदस्यता खारेजी भएको १६ जना, भाखा नाघेको ऋण हिसाव मिलान गरेको १२ जना र निश्क्रिय सदस्यता खारेज गरेको २९६ जना गरि जम्मा ३२४ जनाको सदस्यता खारेजी भई आव को अन्त्यमा ३,१३२ जना सदस्य संख्या कामय रहेको छ :

कार्यालय	महिला	पुरुष	संस्थागत	जम्मा	बाल बचत
मूख्य कार्यालय भरतपुर १६ गाविस चोक	१,३९४	९१०	१५	२३१९	३०५
नारायणगढ सेवा केन्द्र शहिद चोक	३६१	४५२	०	८१३	७०
जम्मा सदस्य संख्या	**१७५५**	**१३७६**	**१८**	**३१३२**	**३४२**

३. साधारण सभा

मिति २०८२ असोज ६ गते संस्थाको १८औं बार्षिक साधारण सभा उल्लासमय बातावरणमा सफलताका साथ सम्पन्न गरियो । कुल १८७१ जना शेयर सदस्यहरु (५९.७५%)को उपस्थिति रहेको थियो ।

४. सदस्य सम्मान तथा पुरस्कार कार्यक्रम

४.१ संस्थाको १८औ बार्षिक साधारण सभामा मासिक बचत नियमित भएका शेयर सदस्यहरुको छोराछोरीबाट कक्षा ८, एस.इ.इ. र कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने १/१ जनालाई शैक्षिक पुरस्कार र प्रशंसा पत्र मार्फत सम्मान गरिएको थियो ।

४.२ संस्थाको मूख्य कार्यालय र सेवा केन्द्रबाट उत्कृष्ट बचत कर्ता १/१ जना, उत्कृष्ट ऋणी महिला/पुरुष १/१ जना, उत्कृष्ट कर्मचारी १ जना, उत्कृष्ट बाल बचत १/१ जना गरि जम्मा ८ जनालाई नगद र प्रशंसापत्र मार्फत सम्मान गरिएको थियो ।

४.२ संस्थाको लक्ष्य बमोजिम दिइएको कार्यविवरण बमोजिम सदस्य विस्तारमा उत्कृष्ट नतिजा प्राप्त गर्ने एक जना कर्मचारी,एक जना संचालक र एक जना उप-समिति सदस्य गरि ३ जनालाई बार्षिक समिक्षा कार्यक्रममा सम्मान तथा पुरस्कृत गरिएको थियो ।

५. राहत कार्यक्रम

सस्थाको राहत नीति बमोजिम देहाय बमोजिम शेयर सदस्यज्यूहरु एवं परिवार जनलाई देहाय बमोजिम राहत रकम उपलब्ध गराइयो :

क्र.स.	विवरण	स. नं.	रकम उपलब्ध गराएको नामावली	ठेगना	रकम
१.	मृत्यु राहत	३५६	विनोद गुरुङ (परिवारजन)	भरतपुर १६	५०,०००।००
२	मृत्यु राहत	२४१९	दीपा राइ (परिवारजन)	भरतपुर १२	५०,०००।००
३	मृत्यु राहत	३८	श्रीकृष्ण पौडेल (परिवारजन)	भरतपुर १६	५०,०००।००
४	उपचार राहत	११३०	पिताम्बर पौडेल	भरतपुर १६	५,०००।००
५	उपचार राहत	१३९९	सिर्जना कंडेल	भरतपुर १५	५,०००।००
६	सुत्केरी पोषण	३८८५	अन्जिला श्रेष्ठ	भरतपुर १५	३,०००।००
७	सुत्केरी पोषण	३९७१	टीका मायाँ बोगटी	भरतपुर १६	३,०००।००
८	सुत्केरी पोषण	३८८५	अनिल खनाल (श्रीमति)	भरतपुर १५	३,०००।००

६) आ.व. २०८२/०८३ मा संम्पन्न भएका कार्यक्रमहरु:

क्र.सं	मिति	कार्यक्रमको नाम	आयोजक	सहभागी संख्या	सहजिकरण
१	२०८२/०४/१७	बार्षिक समिक्षा कार्यक्रम	मंगलपुर साकोस	३६ जना	व्यवस्थापक: रामजी घिमिरे
२	२०८२/०४/२९	पूर्व नेतृत्व विकास तालिम	मंलगपुर साकोस	३४ जना	व्यवस्थापक: रामजी घिमिरे
३.	२०८२/०५/०२	लेखा परिक्षण परामर्श बैठक	मंगलपुर साकोस	१७ जना	लेखा परिक्षक सिए कृष्णहरी बुढाथोकी
४.	२०८२/०५/०६	तीज विशेष कार्यक्रम	मंगलपुर साकोस	१०० जना	
५.	२०८२/०६/०६	१८औं बार्षिक साधारण सभा	मंगलपुर साकोस	१८७१जना	
६	२०८२/०६/१२	साधारण सभा समीक्षा एवं दशै शुभकामना कार्यक्रम	मंगपुर साकोस	२३ जना	साधारण सभा व्यवस्थापन उप समिति
७.	२०८२/०७/२२	पहिलो त्रैमासिक समीक्षा कार्यक्रम	मंगलपुर साकोस	४४	व्यवस्थापक: रामजी घिमिरे
८	२०८२/०८/२७	सहकारी शिक्षा तालिम	मंगलपुर साकोस	४६	व्यवस्थापक: रामजी घिमिरे
९.	२०८२/०९/१२	खुल्ला रक्तदान कार्यक्रम	मंगलपर साकोस	१०६ जना	स्वास्थ्यउप- समिति
१०	२०८२/११/०५	कृषक अभिमुखिकरण कार्यक्रम र लहरे तरकारी बीउ विरुवा वितरण	मंगलपर साकोस	६२ जना	भ.म.पा.कृषि प्राविधिक श्री गणेश बस्नेत, सचिव रामचन्द्र बस्ताकोटी
११	२०८२/११/०६	कर्मचारी, समिति उप समितिको सहकारी अवलोकन भ्रमण	मंगलपर साकोस	३२ जना	भ्रमण उप- समिति
१२	२०८२/१२/०८	Global Money Week 2026 को अवसरमा वित्तीय साक्षरता तालिम	मंगलपर साकोस	६१ जना	व्यवस्थापक: रामजी घिमिरे
१३	२०८२/१२/२१-२३	३ दिने उद्घोषण तालिम	मंगलपर साकोस	३२ जना	सहजकर्ता: श्री विदुर के.सी।
१४	२०८२/१२/२५	बाल वित्तीय सचेतना कार्यक्रम	मंगलपर साकोस	५६ जना	व्यवस्थापक: रामजी घिमिरे
१५	२०८२/१२/२८-३०	सहकारी अवलोकन भ्रमण	मंगलपर साकोस	९३ जना	भ्रमण व्यवस्थापन उप समिति
१६	२०८३/०१/२६, २७	साकोस संचालक क्षमता अभिवृद्धि तालिम	मंगलपर साकोस	३८ जना	व्यवस्थापक: रामजी घिमिरे
१७	२०८३/०२/२०	घुम्ति सहकारी शिक्षा कार्यक्रम	मंगलपर साकोस	४५ जना	व्यवस्थापक: रामजी घिमिरे, सचिव: रामचन्द्र बस्ताकोटी
१८	२०८३/०२/३०,३१	योजना तथा बजेट निर्माण कार्यशाला (राइनसकोट)	मंगलपर साकोस	३५ जना	व्यवस्थापक: रामजी घिमिरे

७) तालिम तथा गोष्टिमा सहभागीता

क्र.सं	मिति	कार्यक्रमको नाम	आयोजक	सहनभागिको नाम	सहजिकरण
१	२०८२/०७/१९	पूँजी प्रयाप्तता विश्लेषण तालिम	नेफ्क्कून	व्यवस्थापक: रामजी घिमिरे	नेफ्स्कून अधिकृत बल्लभ तिमिल्सेना
२.	२०८२/०९/०३,०४	साकोस समिट २०२५	नेफ्स्कून	व्यवस्थापक श्री रामजी घिमिरे, अध्यक्ष श्री बाबुराम परियार	सहकारी विज्ञहरु
३	२०८२/०८/२५	साकोस जोखिम व्यवस्थापन ३६० कार्याशाला	नोफ्स्कून	व्यवस्थापक श्री रामजी घिमिरे र सचिव: रामचन्द्र बस्ताकोटी	नेफ्क्कून अधिकृत
४	२०८२/१०/१०	मैत्रीपुर्ण बनभोज कार्यक्रम	कोअपरेटीभ म्यानेजर्स क्लब	१३ जना कर्मचारीहरु	
५.	२०८२/१०/२९	करुण विना समाज अधुरो	ब्रह्माकुमारी प्रशासन प्रभाग नारायणगढ	व्यवस्थापक श्री रामजी घिमिरे	उत्प्रेरक: राजु घले
६.	२०८२/११/०५	शान्त मन, सशक्त नेतृत्व	ब्रह्माकुमारी प्रशासन प्रभाग नारायणगढ	व्यवस्थापक श्री रामजी घिमिरे	उत्प्रेरक: राजु घले
.७	२०८२/११/२९	चिस्कूनको २९औं स्थापना दिवस कार्यक्रम	चिस्कून	संचाकल र कर्मचारी ६ जना	
८	२०८२/१२/२०	६९औं राष्ट्रिय सहकारी दिवस	जिल्ला सहकारी संघ	समिति,उपसमिति,कर्मचारी,सदस्य गरि ३८ जना	जिल्ला सहकारी संघ
९	२०८२/१२/२६	अग्रभागमा कार्यरत कर्मचारी तालिम	नेफ्स्कून	कार्यालय साहायक: श्री नानुका ढकाल	नेफ्स्कून अधिकृत
१०.	२०८३/०१/१५	Fit and Proper Test Training	नेफ्क्कून	व्यवस्थापक: रामजी घिमिरे	नेफ्स्कून अधिकृत
११.	२०८३ /०२/२७	साकोस जोखिम व्यवस्थापन ३६० कार्याशाला	नोफ्स्कून	व्यवस्थापक श्री रामजी घिमिरे र सचिव: रामचन्द्र बस्ताकोटी	नेफ्क्कून अधिकृत
१२	२०८३/०३/०५	कर्जा सूचना केन्द्र अभिमुखिकरण कार्यक्रम	कर्जा सूचना केन्द्र	व्यवस्थापक श्री रामजी घिमिरे	कर्जा सूचना अधिकृत

८) यस आ.व.मा संस्थाले प्राप्त गरेको सम्मानहरु:

चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.ले मिति २०८२/११/२९ गते आफ्नो २९ औं स्थापना दिवसको अवसरमा जिल्लामा संचालित तीस करोड भन्दा बढि कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाहरुको स्व मूल्यांकनको आधारमा मूल्यांकन गर्दा सदस्यता, कारोबार र सुशासनमा व्यवस्थापक श्री रामजी घिमिरे चितवन जिल्लामानै प्रथम कर्मचारी हुन सफल हुनुभइ प्रशंसा पत्र मार्फत सम्मानीत भएको व्यहोरा जानकारी गराउँदछु । जिल्लामा प्रथम व्यवस्थापक भएको हँदा संस्थाको प्रतिष्ठा अझ उचाइमा पुगेको छ ।

९) देहाय बमोजिम प्रतिनिधिहरुबाट सम्बन्धित संघको साधारण सभामा सहभागिता जनाइयो ।

क्र.स.	विवरण	प्रतिनिधिको नाम
१	चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ	कोषध्यक्ष श्री विष्णुमायाँ पाण्डे
२	चितवन जिल्ला सहकारी संघ	सं सदस्य श्री गंगाधर पोखेल
३	वाग्मति प्रदेश बचत तथा ऋण सहकारी संघ	स.स श्री राम प्रसाद बस्ताकोटी
४	नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ	अध्यक्ष श्री बाबुराम परियार
५	राष्टिय सहकारी बैक	अध्यक्ष श्री बाबुराम परियार

१०. विविधः

१०.१) २०८२ भदौ २३ र २४ को जेन्जी आन्दोलनमा मालपोत कार्यलय चितवनमा क्षति भएको र सेवाग्रहीलाई छिटो छरितो यथाशिघ्र सेवा सञ्चालन गर्न सहयोग पुग्ने उद्धेश्यका साथा माग भए बमोजिमको मंगलपुर साकोसको तर्फबाट १ थान ब्रान्डेड कम्यूटर (७५,००० को) सहयोग स्वरुप उपलब्ध गराइएको थियो । सामाजिक उत्तरदायित्व अर्न्तगत मध्येनेपाल नगरपालिका १ लम्जुङ श्री सूर्य ज्योति माध्यमिक स्कूलमा अध्यनरत ६ जना गरिव तथा जेहेन्दार छात्रा छात्रलाई रु २८,०००।०० बराबरको शैक्षिक सामाग्री प्रदान गरिएको छ भने नर्मदेश्वर शिवालय मन्दिर मंगलपुरमा क्रियापुत्री भवन निर्माण सहयोगार्थ रु ११,००१।०० सहायेग गरिएको छ ।

१०.२) संस्थाबाट एस.एम.एस तथा आधुनिक मोवाइल बैंकिङ सुविधा उपलब्ध गराइएको छ । जसमा बैकबाट सहकारी र सहकारीबाट बैक ट्रान्सफरको सुविधा लगाएत ए ग्रेडका बैकले उपलब्ध गराउने सबै अन्य बैङ्कि सुविधाहरु समाबेश गरि उपलब्ध गराइएको सुविधालाई निरत्नरता दिइएको छ ।

१०.३.) सञ्चालक समितिका बैठकको निर्णबाट ऋण असुलीको लागि भाखा नाघेको ऋणीको घर घरमा ताकेता गर्ने कार्य गरि निरन्तरता दिइराखिएको छ र विना धितो ऋण लिएर ऋण तिर्न आलटाल गरिरहेका केहि ऋणी सदस्यहरु र निजका जमानत सदस्यलाई समेत चितवन जिल्ला अदालतमा मुद्धा दर्ता गरिएको थियो । मुद्धा दर्ता पश्चात ऋणी तथा जमानत सदस्यहरुबाट ऋण असुली भएको छ । एक जना ऋणीको जग्गा धितो लिलाम गरि संस्थाको नाममा पुर्जा आएको छ भने एक जना ऋणीको मोटरसाइकल लिलाम गरि संस्थाको सम्पत्तिमा गाभिएको छ । ऋण लिएर ऋण नतिर्ने ऋणी सदस्य र जमानतलाई समेत थप मुद्धा दर्ता गर्ने र धितो लिलाम गर्ने निर्णय भइसकेको र यस कार्यलाई निरन्तरता दिइएको छ ।

१०.४) प्रत्येक त्रैमासमा बचत तथा ऋणको व्याजदर संशोधन गरि कार्यान्वनमा ल्याइएको छ ।

१०.५) बचत तथा ऋणको व्यक्तिगत अधिकतम सिमा तोकी कार्यन्वयनमा ल्याइएको छ । हाल सस्थामा प्रति व्यक्ति बचत सिमा अधिकतम एक करोड दुइ लाख कायम गरिएको छ भने प्रति व्यक्ति ऋण एक करोड सिमा कायम गरिएको छ ।

१०.६) परिवर्तित कानुन बमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकारणमा सहकारीलाई दर्ता गरि कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरिएको छ ।

१०.७) बार्षिक कार्यक्रम बमोजि २०८३ सालको क्यालेण्डर छपाई सदस्यहरुलाई वितरण गर्ने कार्य सम्पन्न गरियो।

१०.८) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघबाट संचालित स्तरिकरण कार्यक्रम अर्न्तगत यस आ.व. भित्र २ पटक स्थलगत अनुगमन र २ पटक सामुहिक क्यूरिमा(जेखिम व्यवस्थापन कार्यशाला) मार्फत, संस्थाको निरिक्षण तथा अनुगमन भएको थियो ।अनुगमनबाट प्राप्त सुझावहरु क्रमश कार्यन्वयन भइरहेको छ ।

१०.९) शेयर सदस्यहरुले विभिन्न उद्धेश्यमा ऋण माग भए बमोजिम ऋण प्राप्त गरि आ-आफ्नो व्यावसायमा लगानी गरी सामाजिक तथा आर्थिक स्तरमा सुधार गर्दै आत्मनिर्भर र स्वरोजगार बन्न सहयोग पुगेकोछ ।

माथि उल्लेख गरिए बाहेक औपचारिक एवं अनौपचारिक रुपमा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ फिल्ड कार्यालय नाराणयणगढ, चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ, राष्ट्रिय सहकारी बैंक, सहकारी माहसंघं तथा अन्य सरोकार निकायहरुले विभिन्न बिषयमा भौतिक तथा अभौतिक रुपमा संचालन गरिएका तालिम तथा गोष्ठिहरुमा संस्थाका व्यवस्थापक तथा संचालक समितिका पदाधिकारीहरुले सहभागी जनाउनुभएको व्यहोरा जानकारी गराउँदछु ।

अन्त्यमा,

यस मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.को **१९औं बार्षिक साधारण सभा**मा उपस्थित भई आफ्नो अमूल्य समय तथा सल्लाह सुझाव प्रदान गर्नु हुने सवै श्रद्धेय व्यक्तित्वहरु सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई हार्दिक धन्यबाद दिँदै आगामी दिनहरुमा पनि विभिन्न क्षेत्रबाट सहयोग, सल्लाह र सुझावको अपेक्षा गर्दै शेयर सदस्यको हैसियतबाट संस्थालाई पुऱ्याउनुभएको योगदान र सहयोगका लागि विशेष धन्यबाद सहित आ.व. २०८२/०८३ को प्रगति प्रतिवेदन टुङ्ग्याउँदै अनुमोदनका लागि यस सम्मानित सभामा प्रस्ताव गर्न चाहन्छु ।

धन्यवाद ! जय सहकारी !

.....

श्री रामचन्द्र बस्ताकोटी

सचिव

आर्थिक प्रतिवेदन
आ.व. २०८२/०८३



लालुमायाँ पाँडे भट्ट
कोषाध्यक्ष

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको उन्नाइसौं बार्षिक साधारण सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, पुर्व अध्यक्षज्यूहरु, सञ्चालक समिति, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु सल्लाहकारज्यूहरु, लेखासमिति, ऋण उप-समिति लगाएत विभिन्न उप-समितिका सदस्यज्यूहरु, व्यवस्थापक एवं कर्मचारीहरु तथा **उपस्थित आदरणीय शेयर सदस्यज्यूहरूः**

सर्वप्रथम आज यस मंगलपुर साकोसको **उन्नाइसौं बार्षिक साधारण सभा** समारोहमा उपस्थित यहाँहरुलाई संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन टक्राउँदै संस्थाको आ.वा. २०८२/०८३ मा संस्थाले गरेका आर्थिक क्रियाकलापहरुका बारेमा सङ्क्षिप्त जानकारी सहित यो आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरुः

२०६० साल मंसिर १५ गते संस्थाका व्यवस्थापक श्री रामजी घिमिरेज्यूको सक्रियतामा ५ जना व्यक्तिहरुबाट मासिक ५०० रुपैंयाँका दरले शुरु भएको बचत समूह २०६४ सम्म ५४ जना सदस्य पुगेको र ५४ मध्ये २७ जना सदस्य संस्थापक शेयर सदस्य हुने गरी २०६४ असोज १ गते तत्कालिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय चितवनमा दर्ता गरि सहकारीको रुपमा स्थापना भएको थियो । संस्था स्थापना कालदेखि नै प्रत्येक वर्ष शेयर सदस्यहरुको आवश्यकतालाई ध्यानमा राखेर योजनाबद्ध ढङ्गले वार्षिक व्यवसायीक योजना तयार गरी संस्थाले प्राप्त गरेको शेयर एवं सहकारीमा संकलित बचत रकमलाई सहकारी ऐन, नियमावली,संस्थाको विनियम, बचत तथा ऋण नीति,एवं सहकारी मापदण्ड र सञ्चालक समितिको बैठकले समयसापेक्षित आर्थिक परिचालन सम्बन्धि लिएका निर्णयहरुका आधारमा आयमूलक एवं उत्पादनमूलक क्षेत्रमा ऋण लगानी गर्दै सर्वसुलभ र आधुनिक तरिकाबाट सहकारी सेवा दिँदै अइरहेको व्यहोरा विधितै छ । देशमा व्याप्त रहेको आर्थिक मन्दि लागएत विविध समस्याका बाबजुद पनि यस आ.व. मा लिइएको वित्तिय लक्ष्यको १२८ प्रतिशत उपलब्धि हासिल गरि ५७ करोड भन्दा बढि कुल सम्पत्ति कायम भएको व्यहोरा यस गरिमामय सभामा राख्न पाउँदा ज्यादै गौर्वान्वित महशुस गरेको छु । संस्थालाई उच्च विश्वास गरि शेयर सदस्यहरुले उच्च कारोबार गरि संस्थालाई यो हैसियतमा

पुऱ्याउनुहुने सम्पर्ण शेयर सदस्यहरुलाई विशेष धन्याबाद ज्ञापन गर्दछु ।

सभापति महोदय तथा शेयर सदस्यज्यूहरु:

अब म यो गरिमामय सभामा यस आ.ब. मा सम्पन्न आर्थिक कियाकलापहरुसंग सम्वन्धित केहि तथ्य तथ्याङ्क प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

तथ्य तथ्याङ्कहरु

क्र.स.	विवरण	यस आ.व.२०८१/०८२	यस आ.व.२०८२/०८३	बृद्धि/कमि प्रतिशत
१	बचत संकलन	१,४३२,००९,००६.५९	१,५६१,००८,४६७.९५	९.०१%
२	बचत फिर्ता	१,३६०,४७६,३५०.७७	१,५१३,३४०,१२१.५३	११.२४%
३	खुद बचतमा बृद्धि	७१,५३२,६५५.८२	४७,६६८,३४६.४२	-३३.३६%
४	बाँकि निक्षेप	३६५,१३३,६२१.७५	४१२,८०१,९६८.१७	१३.०६%
५	शेयर खरिद	२,१४३,०००.००	१,८२३,०००.००	-१४.९३%
६	शेयर फिर्ता	६८७,०००.००	१,१९२,४००.००	७३.५७%
७	शेयर बृद्धि	१,४५६,०००.००	६३०,६००.००	-५६.६९%
८	बाँकी शेयर रकम	३५,८५३,८००.००	३६,४८४,४००.००	१.७६%
९	कर्जा असुली	१९८,१९५,०१५.००	२१४,५९४,४५५.००	८.२७%
१०	कर्जा लगानी	२७५,४९४,०००.००	२७७,९३०,९००.००	०.८८%
११	कर्जा लगानीमा खुद बृद्धि	७७,२९८,९८५.००	६३,३३६,४४५.००	-१८.०६%
१२	लगानीमा रहेको कर्जा NFRS	३८९,२९०,७२८.३८	४५२,६२७,१७३.३८	१६.२७%
१३	लगानीमारहेको कर्जा	४२०,१००,४४१.००	४८३,४३६,८८६.००	१५.०८%
१४	जगेडा कोष	४८,५७७,९४६.९५	६३,२९१,९४३.५७	३०.२९%
१५	अन्य कोष	१२,०८७,७७२.८५	११,३२३,३८३.८२	-६.३२%
१६	कर्जा जोखिम कोष	३०,८०९,७१२.६२	३७,३२३,२१०.४१	२१.१४%
१७	राहत कोष	२६१,८१२.०५	७३७,५२८.००	१८१.७०%
१८	व्याज आम्दानी	५२,०५२,११०.००	५४,९५७,६६८.००	५.५८%
१९	अन्य आम्दानी	११,५१०,८४५.८५	१०,४५६,५४३.९१	-९.१६%
२०	कूल आम्दानी	६३,५६२,९५५.८५	६५,४१४,२११.९१	२.९१%
२१	कर्मचारी खर्च	५,८५७,६६९.६०	६,७८७,१०९.८०	१५.८७%
२२	संचालन खर्च	४,००५,२६२.३७	४,४२९,२६२.०५	१०.५९%
२३	व्याज खर्च	१९,९३१,१६७.००	१८,४०१,०७१.००	-७.६८%
२४	जम्मा खर्च	२९,७९४,०९८.९७	२९,६१७,४४२.८५	-०.५९%
२५	जोखिम कोष खर्च	१३,२४८,३४३.२३	१६,३१३,०४५.७८	२३.१३%
२६	कूल खर्च	४३,०४२,४४२.२०	४५,९३०,४८८.६३	६.७१%
२७	खुद नाफा	२०,५२०,५१३.६५	१९,४८३,७२३.२८	-५.०५%
२८	आय कर खर्च	५,५१८,११२.६६	६,१७०,५६४.३९	११.८२%
२९	कर पछिको नाफा	१३,०९४,५८४.५१	११,५२२,१५२.९४	-१२.०१%
३०	कुल सम्पत्ति **nfrs**	४६८,४०२,२३१.४३	५३३,२७७,२१६.६९	१३.८५%
३१	कुल सम्पत्ति	४९९,२११,९४४.०४	५७०,६००,४२७.१०	१४.३०%
	बर्षको कुल ट्रान्जेक्सन	४,२२१,०५३,३३५.९८	४,१३८,२२२,५२७.००	-१.९६%

- ❖ ऋणको सेवाहरुमा उद्देश्य अनुसार व्यवसायका आधारमा ८.५ देखि ११.९५ प्रतिशत ऋणको व्याजदर रहेको छ ।
- ❖ बचतको उत्पादनहरुमा २.५ प्रतिशत देखि ५.५ प्रतिशत सम्म व्याज रहेको छ भने आवधिक बचतमा ४.५ देखि ६.५ प्रतिशत सम्म व्याज रहेको छ ।
- ❖ बचतको व्याज र ऋणको व्याजको अन्तर औषतमा ५.११ भारितमा ५.७६ प्रतिशत कायम रहेकोछ ।
- ❖ .संचालक समितिलाई प्रति बैठक रु. १२००। लेखा समितिलाई प्रति बैठक रु. १२००। तथा उप-समिति हरुलाई प्रति बैठक रु ७००। म १५ प्रतिशत कर कट्टी गरि भत्ता रकम उपलब्ध गराइएको छ
- ❖ आ.व. ०८२/०८३ मा राज्यलाई भुक्तानी गरिएको र भुक्तानी गर्न बाँकी गरि देहाय बमोजिम कर भुक्तानी गरिएको व्यहोरा राख्न चाहन्छु :

आय कर	: ६१,१७,७५३
व्याज कर	: ११,४६,७२२
बोनस कर रु	: ३,६९,२१८.००
विभिन्न शिर्षकको टि.डि.एस.रु	: १,८९,१११.००
महानगरपालिका २ वटा वडामा	: रु ३८,३३४।००
राज्यलाई तिरेको जम्मा कर रु.	**: ७८,६१,१३८।००.**

(अक्षरेपी **अठहत्तर लाख एकसठ्ठी हजार एक सय अठ्तीस रुपैयाँ** मात्र)

५७ करोडको कुल सम्पत्तिको कारोबार गरेको सहकारी संस्थाले एक बर्षमा विभिन्न शिर्षकमा राज्यलाई **७८.६१** लाख भन्दा बढि कर भूक्तानी गर्न परेको अवस्थालाई विश्लेषण गर्ने हो भने राज्यले सहकारी प्रति लिएको नीति र सहकारी कर प्रणाली सहकारी मैत्रि नभएको स्पस्ट हुन्छ । यद्यपि हाम्रो यस मंगलपुर बचत तथा ऋण सहकारी संस्थाले राज्यलाई विशिष्ठ योगदान पुऱ्याएको छ ।

सभापति महोदय,

अन्त्यमा, संस्थाको आर्थिक कारोबार व्यवस्थित गरी नियमानुसार सञ्चालन गर्न मिहेनतपूर्वक लाग्नु भएका संस्थाका व्यवस्थापक, कर्मचारी, संचालक साथीहरु ,लेखा समिति, ऋण उप-समिति लगायत यहाँ उपस्थित सम्पूर्ण शेयरसदस्यहरुलाई पुनः धन्यवाद ज्ञापन गर्दे यो आर्थिक प्रगति प्रतिवेदन २०८२/०८३ पारित गर्नु हुन प्रस्ताव गर्दछु ।

धन्यवाद ! जय सहकारी !

लालुमायाँ पाँडे भट्ट
कोषाध्यक्ष

आ.ब २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम



बाबुराम परियार
अध्यक्ष

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि. को १९औं बार्षिक साधारण सभाका, प्रमुख अतिथिज्यू, बिशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, पूर्व अध्यक्षज्यूहरु, सञ्चालक समिति, लेखा समितिका संयोजक तथा सदस्यज्यूहरु सल्लाहकारज्यूहरु, लेखा समिति, ऋण उप-समिति लगायत विभिन्न उप-समितिका सदस्यज्यूहरु, संस्थाको दिगो विकास र आर्थिक प्रगतिको लागि खटिनुहुने व्यवस्थापक एवं कर्मचारीहरु तथा उपस्थित **आदरणीय शेयर सदस्य महानुभावहरु:**

सर्वप्रथम आज यस मंगलपुर साकोसको **१९औं बार्षिक साधारण सभा** समारोहमा उपस्थित यहाँहरुलाई संस्था र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं अभिवादन छ ।

सहकारी ऐन तथा नियमवलीहरु, प्रचलिन अन्य कानुनहरु, नियमिका निकायहरुले बेला बेलामा जारी गरेका निर्देशनहरु, संस्थाको विनियम एवं विभिन्न कार्यविधिहरुको क्षेत्र अधिकारभित्र रहि भइरहेका कामहरुलाई निरन्तरता दिदै अझ बढि गुणस्तरिय र प्रविधि मैत्रि सेवा विस्तार गर्दै सदस्यहरुको चाहनाअनुरुप सेवालाई अवलम्बन गर्दे आ.व २०८३/०८४ को नीति तथा कार्यक्रमहरुलाई संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सहकारी सिद्धान्त, मूल्य र मान्यताहरु अवलम्बन गरी संलग्न सदस्यहरु बीच स्वावलम्बन र पारस्परिक सहयोग एवं मितव्ययिताको भावनालाई बढवा दिएर विभिन्न प्रकारका बचत गर्ने बानिको विकास गर्ने तथा सदस्यहरुको व्यवसाय बृद्धि गराउन आवश्यक क्षेत्रमा ऋण प्रदान गरि सदस्यहरुको आधारभूत आवश्यकताको परिपुर्ति गर्दै सदस्यको आर्थिक, सामाजिक, साँस्कृतिक एवं शैक्षिक उन्नतिका लागि सहयात्री हुने मुख्य उद्देश्य लिई मिति २०६० मसिर १५ गतेबाट मासिक बचतको शुरुवात गरी २०६४ आश्विन १ गते मंगलपुर बचत तथा ऋण सहकारी संस्थाको नाममा सहकारी विभागमा दर्ता भई विभिन्न आर्थिक तथा सामाजिक क्रियाकलापका माध्यमबाट सदस्यहरुलाई सेवा दिदै आइरहेको यस सहकारी संस्थाले योजनाबद्ध तरिकाबाट आफ्नो कार्यहरु अगाढी बढाउन आगामी आ.ब. २०८३/०८४ का योजनाहरु तथा योजना सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था साथै बर्षभरि गरिने आर्थिक गतिविधि, आय-व्ययलाई समेत समेटी १९औं बार्षिक साधारण सभामा स्विकृतिको लागि पेश गर्ने गरि मिति २०८३ आसाढ ३१ गते योजना तथा बजेट उपसमितिले तयार गरेको मस्यौदालाई २०८३ असाढ ३१ गतेको संञ्चालक समितिको बैठकले निर्णय नं. ३ मा पारित गरि २०८३ श्रावण १ गते देखि लागु गर्ने निर्णय गरियो ।

आ.व २०८२/०८३ का योजनाहरुको समिक्षा

२०७९ असारमा निर्माण भएको ५ बर्षे रणनीतिक व्यवसायिक योजना बमोजिम आ.व. २०७९/०८० देखि बार्षिक योजनाहरु निर्माण गरि लागू गरिएको छ। उक्त व्यवसायिक योजना पश्चात् राष्टव्यापी रुपमा बढ्दै गइरहेको आर्थिक मन्दि र शहरकेन्द्रित केहि सहकारीहरुको चरम लार्पाबाहि र असफलताका कारण आम जनमानसमा एकातिर आम सहकारीप्रतिको विस्वास कमजोर हुँदै गयो भने अर्कातिर आर्थिक कारावारेको सुस्ततले सहकारीहरुको सकरात्मक बढोत्तरीमा कमि हुँदै गएको अवस्था थियो । उल्लेखित कारणहरुले मंगलपुर साकोसलाई पनि आर्थिक मन्दिको असर सामान्य रुपमा पर्दै गएको थियो । २०८० असाढ ३१ गते बसेको सञ्चलक समितिले रणनितिक व्यवसायिक योजनालाई संशोधन गरि मिति २०८० असोज १३ गतेको १६ औं बार्षिक साधारण सभाबाट स्विकृत गरि उक्त संशोधित रणनितिक व्यवसायिक योजना अनुरुप आ.ब. २०८२/८३ को बार्षिक योजना तथा बजेट निर्माण गरि १८औं बार्षिक साधारणसभाबाट स्विकृत गरि कार्यान्वयनमा ल्याइएको थियो ।

सदस्यता

मुलुकभर सहकारीहरु प्रति मानिसहरुको घट्दो विश्वास यस आ.वमा पनि निरन्तर कायम रहेको छ। बाबजुद योजनामा लिईको रणनितिमा ३५७ जना नयाँ सदस्यता थप गर्ने लक्ष्य लिइएकोमा ३२५ जना अर्थात लक्ष्यको ९१ प्रतिशत नयाँ सदस्यता थप भएको छ। संस्थाको सदस्यता लिएर लामो समय देखि कारोबार नगरि निस्कृय रहेका, स्वच्छाले सदस्यता त्याग गरेका र ऋण लिई भूक्तानी नगरेका ऋणी सदस्यहरुको हिसाब मिलान गरि निस्किएका सदस्यहरु समेत जम्मा ३२४ जना सदस्यको सदस्यता खारेजि गरिएको छ।

शेयर खरिद

यस आव मा १६,५०,००० शेयर बृद्धि गर्ने लक्ष्य लिएको भएता पनि सदस्यहरुको इच्छा बमोजिम औसत शेयरमात्र विक्रि गर्ने र शेयर रकमलाइ बढाउन प्रोत्साहन नगर्ने नीति भएता पनि बर्षको अन्त्य सम्म १८,२२,९०० रुपैया बराबरको शेयर विक्रि भएको छ। केही सदस्यहरुले एक लाख तथा दुइ लाख रुपैयाँ बराबरको शेयर खरिद गर्न चाहेता पनि खरिद गर्न नसकेको र आम शेयर सदस्यहरुमा संस्थाको शेयर खरिद गर्न पाएमा ठुलै रकमको शेयर विक्रि हुने आवस्था रहेको छ। विविध कारण सदस्यता खारेज भएका कारण यस बर्ष ११,९२,००० रुपैयाँ बराबरको शेयर फिर्ता भई खुद ६,३०,९०० बराबरको शेयर रकम खुद बृद्धि भएको छ। लक्ष्यको ११०% शेयर रकम विक्रि भएता पनि करिब ३८% खुद बृद्धि भएको छ।

बचत

यस बर्ष बचतमा जम्मा ४.०२ करोड बृद्धि गर्ने लक्ष्य लिइएको थियो । वित्तीय बजारमा बचतको व्याज क्रमश घट्दै जाँदा संस्थामा पनि बचतको व्याज कम गर्न पर्ने बजार विश्लेषणबाट दवाव सिर्जना हुँदा आ.ब. को शुरुवातमा करिब ८.५ प्रतिसत सम्म रहेको व्याज आ.ब को अन्त्यमा ५ प्रतिसतमा सिमित हुन पुगेता पनि संस्थामा करिब ४.८१ करोड खुद बृद्धि भएको छ । लक्ष्यको करिब १२०% बचत बृद्धि गर्न सफल भएको छ ।

ऋण

आ.व ०८२.८३ मा ५०० जना शेयर सदस्यलाइ २५.२ करोड ऋण लगानी गर्ने र खुद ऋणमा ४.४९ करोड बृद्धि गर्ने लक्ष्य लिएको थियो । वर्षको अन्त्य सम्म ४९१ जनालाई २७.७९ करोड ऋण लगानी गरि ६.३३ करोड खुद ऋण लगनीमा बृद्धि भएको देखिन्छ । ऋण लगानी सदस्य लक्ष्यमा ९८%, ऋण लगानी रकममा ११०% र खुद ऋण लगानी बृद्धिमा १४०% लक्ष्य प्राप्त भएको छ ।

भाखा नाघेको ऋण १०% भन्दा कम गराउने लक्ष्य लिएकोमा सबै मानव स्रोतको परिचालन गरि ऋण असुलीमा लाग्दा पनि करिब १८ प्रतिशत भाखा नाघेको ऋण कायम भएको छ । समग्र मुलुकको अवस्था, आर्थिक मन्दि, २० लाख भन्दा कमको ऋण मिनाहा हुन्छ भन्दै फैलाईएको एक किसिमको वित्तिय अरजकता एवम् राज्यले सहकारीप्रति हेर्ने दृष्टिकोण, ऋण सदस्यले समयमा ऋण भुक्तानी नगर्दा राज्यको निकायहरुले ऋण असुली सम्बन्धि गर्ने असहयोग, व्यवहार तथा ऋणी सदस्यहरुले गुमाउँदै गईरहेको आर्थिक इमान्दारिता आदी यसका मूख्य कारण रहेका छन् ।

कोषहरु:

यस बर्ष संस्थाको जगेडा कोषहरुमा विभिन्न स्रोतहरुबाट ८० लाख भन्दा बढि रकम बृद्धि गर्ने लक्ष्य लिइएको छ । संस्थामा लक्ष्य भन्दा बढि नै आम्दानी भएको र ऋण जोखिम कोषमा आयकर भूक्तानी गरिएको रकमलाई जगेडाकोषमा रकमान्तर गर्दा १४७.१३ लाख जगेडा कोष बृद्धि बृद्धि भएको छ । लक्ष्यको करिब १८३% जगेडा कोष बृद्धि भएको छ ।

आम्दानी तथा खर्च

यस आ.व मा विभिन्न शिर्षकमा करिब ६०० लाख आम्दानी गरि विभिन्न शिर्षकमा ४०२ लाख खर्च गरि २०० लाख खुद नाफा गर्ने लक्ष्य लिएको थियो । समग्र ६५४.१४ लाख आम्दानी भएको र २९६.१७ लाख खर्च भइ ३५७.९७ लाख आम्दानी भएको देखिन्छ । अघिल्लो बर्षको उठ्न बाँकी व्याज मध्ये करिब ६४ लाख यस आ.व.मा भूक्तानी आएको देखिन्छ । यस बर्ष ऋण लगानीको करिब ७५ लाख व्याज उठ्न बाँकी भई जम्मा १६० लाख व्याज भूक्तानी हुन बाँकी रहेको छ । ब्याज आम्दानीमा अघिल्लो बर्षको व्याज यस वर्षका असुली सन्तोषजनक भएकोले समग्र आम्दनी लक्ष्यको १७८% नतिजा हांसिल भएता पनि १६३.१३

लाख ऋण जोखिम कोषको व्यवस्थापन गर्न परेकोहुँदा खुद नाफा रु १९४.८३ लाख भएको छ ।

कुल सम्पत्ति

यस आ.व मा संस्थाको कूल सम्पत्तिमा ५५३ लाख बृद्धि गर्ने लक्ष्य लिएकोमा करिब ७१३.८९ लाख बृद्धि भएको छ । कुल सम्पत्तिमा लक्ष्यको १३५% सफलता प्राप्त भएको छ ।

समग्रमा आव २०८२.८३ को वित्तीय अवस्थालाई समीक्षा गर्दा विभिन्न प्रतिकुल वातवरणको बाबजुद पनि निकै राम्रो भएको छ । उत्साहजनक रुपमा समग्रमा लक्ष्यको करिब १२८% नतिजा हासिल गर्न सफल भएको हुँद यस आ.व वित्तीय कारोबारमा उत्कृष्ट मान्न सकिन्छ ।

सामाजिक कार्यक्रम

आ.व. २०८२/०८३ मा सम्पन्न गर्न लक्ष्य लिइएका सदस्य शिक्षा कार्यक्रम, उद्यम शिलता तथा सिप विकास तालिमहरु मध्ये करेसाबारीको प्रयोग तथा मौसमी तरकारी खेती सम्बन्धी १ दिने प्रशिक्षण गरि लहरे तरकारी विरुवा तथा विउ विजन वितरण, सहकारी शिक्षा, घुम्ति सहकारी शिक्षा तालिम, वित्तिय शिक्षा, बाल वित्तीय सचेतना कार्यक्रम, रक्तदान कार्यक्रमहरु सफलताका साथ सम्पन्न भएका छन् ।सदस्य उद्यमशिलता तथा सीप विकासका कार्यक्रमहरु विविध कारणले हुन सकेनन् । यसरी आ.व २०८२/०८३ समग्ररुपमा वित्तिय कारोबार उत्कृष्ट भएको र अन्य सामाजिक कार्यक्रमहरु सन्तोषजनक रहेको छ ।

योजना तथा बजेटको महत्वः

सहकारी संस्थाको दिगो विकास र प्रभावकारी सञ्चालनका लागि योजना तथा बजेट अत्यन्त महत्वपूर्ण आधार हुन। योजना विना संस्था दिशाहीन हुन्छ भने बजेट विना योजना कार्यान्वयन असम्भव हुन्छ । स्पस्ट लक्ष्य निर्धारण,स्रोत, साधानको उचित परिचालन,जोखिम व्यवस्थापन तथा सदस्यहरुको आवश्यकतालाई सम्बोधन गर्न योजना आवश्यक हुन्छ । त्यसैगरि बजेटले आम्दानी र खर्चको सन्तुलन कायम गर्दै वित्तीय अनुशासन कायम गर्न सहयोग गर्दछ । सहकारीमा पारदर्शिता,उत्तरदायित्व र विश्वास बढाउन पनि योजनाबद्ध बजेट प्रणालीले महत्वपुर्ण भूमिका खेल्दछ । यसैले राम्रो योजना र यथार्थपरक बजेट सहकारीको सफलता,स्थायित्व र सदस्यको आर्थिक सशक्तिकरणका प्रमुख आधार मानिन्छन् ।

योजना असल अनुशासनको एक आयाम हो । योजनाको कारण नै कुनै पनि सहकारी संस्थाको सफलता/असफलता प्राप्त हुने हुनाले विभिन्न पुर्व योजान बनाई योजनाअनुसार कार्यक्रमहरु गरियो भने मात्र संस्थागत विकास संभव हुन्छ । एक आ.व. भित्र के कस्ता कार्यहरु गर्ने, कहिले गर्ने ,कसले गर्ने, कसरी गर्ने, कार्यहरुको नतिजा के हुने, किन गर्ने जस्ता प्रश्नको उत्तर सकारात्मक हुने गरि र प्रत्येक काम गर्न कति बजेट लाग्छ अर्थात आवश्यक बजेट विनियोजन गरि कार्यक्रम गरेमा र सहकारीको बर्षभरि आम्दानीका स्रोतहरु के के छन, आम्दानी कति गर्ने ,कहिले गर्ने, कसरी गर्ने र प्रशासनिक खर्चहरुपनि कति, कहिले र कसरी, गर्ने भनि पुर्व योजना बनाई गरियो भने सहकारी संस्था सुरक्षित,विश्वासनिय र सामाजिक रुपमा स्थापित हुन्छ ।

मिति २०८२/०४/०१ देखि २०८३/०३/३२ सम्मको								
आ.व. २०८१/०८२ संगको उपलब्धि र आ.व.२०८२ /०८३ को लक्ष्य उपलब्धि विश्लेषण								
विवरण (लाखमा)								
क्र.स	विवरण	२०८१/८२ यथार्थ	२०८२/८३ वृद्धि लक्ष्य	२०८२/८३ को लक्ष्य	उपलब्धि	लक्ष्य उपलब्धि %	२०८२/८३ यथार्थ	जम्मा उपलब्धि %
१	शेयर ससदस्य	३१३१.००	१५७	३२८८	१	०.६४	३१३२.००	०.०३
२	शेयर पूँजि	३५८.५३	१६.५०	३७५.०३	६.३१	३८.२४	३६४.८४	१.७६
३	बचत	३६५१.३६	४०२.१३	४०५३.४९	४७६.६५	११८.५३	४१२८.०१	१३.०५
४	ऋण लगानी	४२०१.००	४४९.००	४६५०.००	६३३.३६	१४१.०६	४८३४.३६	१५.०८
५	वित्तिय लगानी	६१.६२	०.९७	६२.५९	०.६५	६७.०१	६२.२७	१.०५
६	जगेडा कोष	४८५.७७	९८.५७	५८४.३४	१४७.१४	१४९.२७	६३२.९१	३०.२९
७	अन्य कोषहरु	१२०.८७	१०.४०	१३१.२७	-७.६४	-७३.४६	११३.२३	-६.३२
८	वाह्य ऋण	०.००	०.००	०.००	०.००	०.००	०.००	०.००
९	स्थिर सम्पत्ति	८२.६२	७.७७	९०.३९	-१.६८	-२१.६२	८०.९४	-२.०३
१०	नगद सरह	६४१.६८	४३.९९	६८५.६७	२५.२६	५७.४२	६६६.९४	३.९४
११	गैह्र वैकिङ्ग सम्पत्ति	०.००	०.००	०.००	५४.६८	०.००	५४.६८	#ष्ठ्स्/०!
११	कूल सम्पत्ति	४९९२.११	५४५.४५	५५३७.५६	७१३.८९	१३०.८८	५७०६.००	१४.३०

आम्दानी					
क्र.स	विवरण	२०८१/८२ यथार्थ	२०८२/८३ को लक्ष्य	२०८२/८३ यथार्थ	उपलब्धि प्रतिशत
१२	व्याज आम्दानी	५२०.०५	५२८.५०	५४९.५७	१०३.९९
१३	वित्तीय आम्दानी	२०.३३	१८.०५	१८.८९	१०४.६५
१४	अन्य आम्दानी	९४.७७	५३.६१	८५.६८	१५९.८२
	जम्मा आम्दानी	६३५.१५	६००.१६	६५४.१४	१०८.९९
	खर्च				
१५	कर्मचारी खर्च	५९.५६	७१.०५	६७.८७	९५.५२
१६	प्रशासनीक खर्च	३९.०६	६०.००	४४.२९	७३.८२
१७	वित्तीय खर्च	१९९.३१	२४०.००	१८४.०१	७६.६७
जम्मा खर्च		२९७.९३	३७१.०५	२९६.१७	७९.८२
जोखिम व्यवथा अघिको नाफा		३३७.२२	२२९.११	३५७.९७	१५६.२
जोखिम व्यवस्था		१३२.४८	३४.००	१६३.१३	०
जम्मा खर्च		४३०.४१	४०५.०५	४५९.३०	११३.४
खुद आम्दानी		२०४.७४	१९५.११	१९४.८४	९९.८६
आय कर व्यवस्था		५५.६०	३७.१०	६१.१७	१६४.९
आय कर पछिको नाफा		१३०.९४	१२३.५३	११५.२२	९३.२७

योजना तथा नीति तथा कार्यक्रम (२०८३.०८४)

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सो सम्वन्धी सहकारी विभागले सहकारीहरुलाई जारी गरेको निर्देशिका २०७५, संस्था संचालन गर्न बनेको विनियम २०७६ संस्थागत नीतिहरुको अधिनमा रही प्रचलित नेपाल कानुनले दिएको क्षेत्रमा रही संस्थाले आ व २०८३/८४ मा देहायका कार्यक्रम गर्नेछ ।

१) **सदस्य विस्तार योजनाः**

"दिगो संस्था निर्माणका लागि गुणस्तरीय सदस्य" हाम्रो मुलमन्त्र हुनेछ । यसका लागि संस्थाको सदस्यता प्रदान गर्ने प्रकृयालाई सरलिकृत र प्रभावकारी बनाइने छ । गुणस्तरीय सदस्य बृद्धिका लागि सदस्य विस्तार उप समिति ,सबै सन्चालक र कर्मचारीहरुलाई जिम्मेवारी प्रदान गरिने छ । नारायणगढ सेवा केन्द्रमा कम्तिमा १२५ जना र मूख्य कार्यालयमा कम्तिमा १८० जना गरि ३०५ जना गुणस्तरीय सदस्य बृद्धि गरिनेछ ।साथै संस्थामा निश्क्रिय रहेका सदस्य,ऋण लिएर पटक पटक ताकेतामा परेका सदस्यहरुको बक्यौता चुक्ता पश्चात र स्वएच्छिक सदस्यता खारेज गर्न निवेदन दिएका सदस्यहरु र विनियम २०७६ को दफा १३ बमोजिमको कृयाकलाप गर्ने सदस्य समेत गरि २३५ जना सदस्यको सदस्यता खारेज गरिनेछ। सदस्यत खारेजीको संख्या बढ्न गएमा त्यही अनुपातमा सदस्य थप गरिनेछ । कम्तिमा ४० जना बाल बचत सदस्य थप गरिनेछ ।

हाल कायम सदस्य संख्या	थप गनुपर्ने सदस्य संख्या	बर्षान्तमा पुग्ने सदस्य संख्या	बृद्धि प्रतिशत
३१३२	३०५–२३५=७०	३२०२	२.१३%

२) **शेयर पूँजी बृद्धि योजनाः**

संस्थामा आवद्ध सदस्यहरुमा **"मेरो संस्था,मेरो स्वामित्व"** को भावनाको विकास गरी कम्तीमा रु. १०० देखि औषत शेयर बराबरको र बढीमा १५,००० सम्म शेयर खरिद गर्न सकिनेछ ।प्रति शेयर को मूल्य रु १००।- मात्र रहनेछ । सस्थामा सबै सदस्यको शेयर समानरुपमा बनाउने योजना अनुरुप संस्थाको औसत शेयर रकम दश हजार हुने गरि व्यवस्थापन गरिनेछ । जसका लागि एक लाख र दुइ लाख शेयर खरिद गरेका सदस्यहरुले आँशिक शेयर फिर्ता माग गरेमा औषत शेयर भन्दा बढिको र कम फिर्ता गरिनेछ । । शेयरमा लाभांश दैनिक मौज्दातको आधारमा गणना गरि वितरण गरिनेछ । जति शेयर भएपनि एक सदस्य एक मतको अधिकार रहने छ । कुनै प्राकृतिक विपत्ति,महामारी वा अन्य कुनै कारणबाट संस्थामा नोक्शानी भएमा शेयरको अंकित मूल्य घट्न सक्ने छ ।

३) **बचत/ निक्षेप बृद्धि योजनाः**

"गुणस्तरीय जीवन र समृद्ध भविष्यका लागि बचत" साकोसको मूल मन्त्र रहने छ ।मानिसको जन्म देखि मृत्यूसम्मको कृयाकलापहरुका लागि बचत उत्पादनहरुको विकास गरी ती उत्पादनहरुमा सदस्यहरुको सहभागिता बृद्धि गर्दै सम्पुर्ण बचत/निक्षेपको कारोबारलाई यस संस्थासँग बृद्धि गर ।उनका लागि प्रोत्साहन गरिनेछ । हाल ९२४ सदस्यहरुबाट औसत ७३६ शेयर सदस्यबाट दैनिक रु.

१२.५० लाखको औसतमा जम्मा भइरहेको दैनिक बचतलाई बढाउने कार्यलाई उच्च प्राथमिकता दिदै आर्थिक वर्षको अन्त्यसम्ममा दैनिक १००० सदस्यहरुबाट औसत ८५० शेयर सदस्यबाट दैनिक रु १३.०० लाख पुर्‍याइने र ८५ प्रतिशत सदस्यको मासिक बचत नियमित गराई हाल ४८ प्रतिशत कायम भएको मासिक बचतलाई ५२ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएकोछ । बचत बृद्धि गर्न देहाय बमोजिमको रणनीतिक लक्ष्य निर्धारण गरिएको छ ।

हाल कायम रहेको निक्षेप	थप गरिने बचत निक्षेप	बर्षान्तमा पुग्ने बचत/निक्षेप
४१२८.०१ लाख	४०५.२८ लाख	४५३३.२९ लाख

४ **सदस्यहरुलाई ऋण लगानीमा बृद्धि योजना:**

"ऋण मार्फत उद्यमशिलता र उद्यमशिलता मार्फत आत्मनिर्भरता" लाई संस्थाले आत्मसाथ गदै सदस्यहरुको आर्थिक हैसियत, उद्यमशिल क्षमता, काम प्रतिको रुची र अनुभव, वित्तिय बुझाई र अनुशासन जस्ता कुराहरुको आधारमा हुँदा खाने बर्गका सदस्यहरुलाई हुने खाने र हुने खाने बर्गका सदस्यहरुलाई समृद्ध बनाउने गरी ऋण सेवाहरुको विकास गर्दै बास्तविक पूँजिको अभावमा उद्यमशिल बन्नबाट रोकिएका सदस्यहरुको उत्थानका लागि देहायका रणनीति मार्फत सदस्यहरुलाई ऋण लगानीमा बृद्धि गरिनेछ ।

हाल कायम रहेको ऋण लगानी	थप गरिने ऋण लगानी	बर्षान्त्यमा पुग्ने ऋण लगनी
४८३४.३६.००	३७०.६४ लाख	५२०५.०० लाख

५. **वित्तिय लगानीमा बृद्धि योजना:**

"अभियान प्रति ऐक्यवद्दता, सहकारी मार्फत गरिबी निवारणमा हाम्रो प्रतिबद्धता" लाई आत्मसाथ गर्दै सहकारीको विश्वव्यापी सञ्जालमा संस्थालाई सञ्जालिकृत बनाउदै अभियानलाई जोगाई र ख्नका लागि अभियानले खेलेको भूमिका, संस्थालाई प्राप्त सेवा र सुविधा, अभियान र संस्था बीचको संम्बन्ध आदिको आधारमा देहाएको रणनीतिमा आधारित रहेर वित्तिय लगानीलाई बृद्धि गरिने छ । चालु आ.व.मा चितवन जिल्ल सहकारी संघमाबाट शेयर माग भएमा हाल भएको शेयर रकम बढाई २५ लाख सम्म पुर्‍याइने लक्ष्य लिइएको छ ।

६. **संस्थागत पूँजि बृद्ध योजना:**

"दिगो साकोसका लागि अधिकतम संस्थागत पूँजि" संस्थागत आकांक्षा हुनेछ ।सदस्य सेवाको स्तर बृद्धिका लागि संचालन गरिने कार्यक्रमहरुको प्रभावकारिता विकास र सदस्य सन्तुष्टीको बृद्धिका लागि संस्थागत पुँजी अपरिहार्य शर्त हो ।संस्थागत पूँजिमा रहेको रकमको परिचालन सहुलियतपूर्ण कार्यक्रमहरुमा परिचालन गरी हुँदा खाने बर्गका सदस्यलाई हुने खाने बर्गमा ल्याउने रणनीतिलाई आत्मसाथ गर्दै संस्थागत पूँजि बृद्धिको लक्ष्य निर्धारण गरिएको छ ।

हाल कायम रहेको संस्थागत पुँजी	थप गरिने संस्थागत पुँजी	बर्षान्तमा पुग्ने संस्थागत पुँजी
६६०.३९लाख	१६७.७५ लाख	८२७.८९ लाख

७. नविनतम प्रविधि विकास योजना:

"नविनतम प्रविधि संस्थाको टेवा,हातहात र घरघरबाट वित्तिय सेवा"लाई मध्यनजर गर्दै संस्थाको सेवा संचालनलाई प्रभावकारी , विश्वासिलो, भरपर्दो र समय सापेक्ष बनाउनका लागि वित्तिय संस्थाहरुले प्रयोग गरेको वित्तिय बजारमा उपलब्ध भएका प्रविधिहरुलाई संस्थामा अवलम्बन गरिएको र यसलाई निरन्तरता दिई अद्यावधिक गर्दै सेवा विस्तार गरिनेछ ।

८. प्रभावकारी सूचनाका लागि सूचना प्रविधीको विकास योजना

"सदाचारयुक्त व्यवहार, प्रविधीमा आधारित सुचना र सरोकार" लाई आत्मसाथ गर्दै संस्थाले नियमित रुपमा प्रकाशन र प्रशारण गर्नु पर्ने सुचनालाई प्रभावकारी बनाउदै सबै सदस्यहरुमा सूचनाको पहुँच विस्तारका लागि देहायका योजनाहरुलाई संस्थाको सुचना प्रदान गर्ने औजारको रुपमा विकास गरिनेछ ।

क्र.स.	प्रविधिको नाम	कहिले सम्म गर्ने	जिम्मेवारी
१.	वेवसाइट	संचालनमा आएको र अद्यावधिक गरिरहने छ ।	व्यवस्थापन
२	फेस बुक पेज	निरन्तर अद्यावधिक	व्यवस्थापन

९. वित्तिय व्यवस्थापनमा प्रमाणित विद्युतिय उपयोग कार्यक्रमणिका -एप्लीकेशन सफ्टवेयर)को प्रयोग:

सहकारी नियमावली २०७५ को नियम २८ को उपनियम ३ बमोजिम हुने गरी लेखा विभागले तोकेको निर्धारक पुरा हुने गरि वित्तिय व्यवस्थापनका लागि वित्तिय सेवा प्रवाहलाई सरलीकृत, प्रभावकारी र विश्वासनिय बनाउनका लागि विद्युतिय उपयोग कार्यक्रमणिका -एप्लीकेशन सफ्टेवेयर) को प्रयोग लाई विश्वासनिय र थप सुरक्षित तथा अद्यावधिक गराइनेछ ।

१०. सदस्यहरुको लागि श्रोत केन्द्र स्थापना:

सदस्यहरुलाई सहकारी अभियान, सहकारी ऐन नियमावली, संस्थाको गतिविधी तथा आर्थिक क्षेत्रको गतिविधीहरुलाई सु सुचित गराउनका लागि संस्था भित्र सबै सदस्यहरुको सहज पहुँच पुग्ने गरी पुस्ताकालय संचालनमा ल्याई सहकारी संम्बन्धि पुस्तकहरुको व्यवस्था गरिनेछ ।

११. सदस्य सेवा सम्बन्धी कार्यक्रम:

सदस्यहरुलाई आफ्नो रुची, व्यक्तिगत आवश्यकता र सीप बीचको तादम्यतामा सुझबुझ विकासका लागि वित्तिय शिक्षा आजको अपरीहार्य शर्त भएका कारण देहाय बमोजिम युवाहरु तथा अन्य सदस्यहरुको लागि वित्तिय शिक्षा तथा सहकारी शिक्षाका कार्यक्रमहरु संचालन गरिनेछ । आधारभूत सहकारी व्यवस्थापन एवं बचत तथा ऋण संम्बन्धि अभिमुखिकरण कार्यक्रम, वित्तिय साक्षरता तथा प्रविधि साक्षरता तालिम मध्ये एउटा तालिमका दरले हरेक महिना संचालन गरिनेछ ।

क्र.स.	कार्यक्रम	संयोजन	सहकार्य	सह भागी संख्या	तालिम अवधि
१	सहकारी शिक्षा तालिम	शिक्षा उप-समिति	संबन्धित निकाय	२५ देखि ४० सम्म	१दिने ४ वटा
२	वित्तिय साक्षरता तालिम	शिक्षा उप-समिति	संबन्धित निकाय	२५ देखि ४० सम्म	१ दिने ४ वटा
३	प्रविधि साक्षरता	शिक्षा उप-समिति	संबन्धित निकाय	२५ देखि ४० सम्म	१ दिन १ वटा
४	बाल बचत वित्तिय साक्षरता कार्यक्रम	शिक्षा उप-समिति	संबन्धित निकाय	२५ देखि ४० सम्म	१ दिन १ वटा

सदस्यहरुको मागका आधारमा अन्य तालिम तथा कार्यक्रमहरु समेत संचालन गरिनेछ ।

१२. सदस्यहरुको लागि उद्यमशिलता विकास तालिम:

सहकारी मार्फत उद्यमशिलता विकास सम्भव छ भनि प्रमाणित गर्नु आजको सहकारी संस्थाको चुनौ तीको विषय हो । सदस्यहरुको व्यवसायिक क्षमता विकास गरी आत्मनिर्भरता तर्फ लैजानु संस्थाको दायित्व हो र यो दायित्व पुरा गर्नका लागि संस्थाले देहायका कृयाकलापहरु मध्ये छनौट गरि सहुलियतपुर्ण ऋण तथा प्रविधिक सहयोग उपलब्ध गरि संचालन गरिनेछ । यस कार्यक्रम मार्फत सदस्यहरुको उद्यमशिल क्षमतामा वृद्धि हुनुको साथै सदस्यको उद्यमशिलता विकाससँगै संस्थाको बचत निक्षेपमा पनि उल्लेख्य बृद्धि हुनेछ ।

दालमोट उद्योग, चाउमिन उद्योग,जुत्ता ,चप्पल उद्योग,सामुहिक तरकारी खेति,व्यवसायिक कुखुरा पालन,साना होटल तथा रेष्टुराँ, माछा पालन, साइकल तथा मोटरसाइकल मर्मत केन्द्र,व्युटी पार्लर,मोवाइल मर्मत, सावुन बनाउने, आदि उद्यमशिलता तालिम मध्ये शेयर सदस्यको माग अनुसार कम्तिमा एउटा कार्यक्रमहरु संचालन गरिने लक्ष्य लिइएको छ ।

१३. सदस्यहरुको लागि सीप विकास तालिम कार्यक्रम:

सहकारी प्रति युवा तथा अन्य सदस्यहरुको आकर्षण बढाउने उद्धेश्यले सदस्यहरुको उद्यमशिलता विकासका लागि संस्थाले माथि १२ मा उल्लेख भएका उद्यमहरु मध्ये युवाहरुको चाहना अनुरुप कुनै एक उद्यमको तालिम संचालन गरिनेछ । त्यस्तै गरि सीप तथा कला अर्न्तगत उद्घोषक तालिमको तथा व्यवस्था गरिनेछ ।

संस्थामा आवद्ध विपन्न परिवारको उत्थानका लागि संस्थाले सीप विकास कार्यक्रममा सहभागीताका लागि प्राथमिकतामा राख्नेछ र तालिम पश्चात विना धितो उद्यम विकासका लागि अन्य ऋणको भन्दा न्यूनतम २ प्रतिशत कम ब्याजमा साना ऋणहरुको व्यवस्था गरिनेछ । यसबाट आगामी बर्ष देखि सहकारी मार्फत गरिबी निवारणमा प्रत्यक्ष सहयोग पुग्नेछ भने सहकारी मार्फत जीवनस्तर परिवर्तन भएमा परिवारहरुको आगामी बर्षदेखि सफलताका कथाहरु बुलेटिन तथा श्रव्यदृश्य सामाग्री मार्फत प्रकाशन र प्रशारण गरिनेछ ।

१४. सामाजिक उत्तरदायित्व सम्वन्धी कार्यक्रम:

१) **समुदाय प्रति चासो** सहकारीको एक सिद्धान्त हो । यस सिद्धान्तलाई आत्मसाथ गर्दै समुदायको लागि केहि गर्नु पर्दछ भन्ने उद्देश्यका साथ संस्थाको स्थापना दिवसमा वा उचित समयमा खुल्ला र क्तदान / खुल्ला स्वास्थ्य शिविर सम्बन्धी कार्यक्रमहरु देहाय बमोजिम संचालन गरिनेछ ।

क्र.स.	कार्यक्रमको नाम	कहिले गर्ने	सहकार्य	जिम्मेवारी
१	रक्तदान कार्यक्रम	उचित समय	ने.रे.सो.	स्वास्थ्य उपसमिति
२	स्वास्थ्य शिविर	उचित समय	अस्पताल	स्वास्थ्य उपसमिति

२) यस आव.भित्र सहकारी संस्थाको सम्वन्ध बातावरणसँग पनि स्थापित गराउनु पर्दछ भन्ने कुरालाई कार्यरुपमा प्रदर्शन गर्नका लागि संस्थाको उचित समयमा बृक्षरोपण तथा सरसफाई कार्यक्रम संचालन एवं सांस्कृतिक संरक्षणलाई समेत ध्यान दिइनेछ ।

१५) स्थिर सम्पत्ति निर्माण तथा खरिद

संस्थामा कार्यरत कर्मचारीहरुलाई आवश्यक पर्ने उपकरणहरु जस्तै कम्प्युटर, प्रीन्टर ,स्क्यानर, काउन्टीङ मेशिन, जाली नोट पहिचान मेशिन आदिको हरेक सेवा केन्द्रमा व्यवस्था गरिनेछ । सदस्यमैत्री कार्यालयको व्यवस्थापनको लागि आवश्यक फर्निचर, कर्मचारीहरुलाई अवश्यक कुर्चि, टेवल,दराज जस्ता फर्निचर सामानहरुको उचित व्यवस्था गरिनेछ । सि. सि.क्यामेरालाई दुवै कार्यालयमा स्टोर र हने व्यवस्थापन गरिनेछ । गरि स्थिर सम्पत्ति निर्माण तथा खरिदको लागि आबश्यक बजेटको व्यवस्था बजेट खण्डमा गरिएको छ ।

१६) कर्मचारी प्रशासन सम्बन्धि व्यवस्था :

बर्तमान अवस्थामा संस्थाको वासलत ५७ करोडभन्दा माथि पुगेको, प्रति कर्मचारी ऋणको भार ४ करोड को हाराहारी पुगेको मुलुकको बर्तमान आर्थिक अवस्था एवं नगद प्रवाहमा आएको मन्दिको बाबजुद पनि संस्थाको कारोबार एवं उच्च आम्दानी हासिल भएको र संस्थाको कारोबारमा निरन्तर र नियमित गुणस्तिरीय तथा संस्थामा शेयर सदस्य संख्या क्रमश बृद्धि भइरहेको र गरिरहनुपर्ने ,भर तपुर महानगरपालिका वडा नं. ३ मा सेवा केन्द्र संचालनमा आएको र यसलाइ नाफायोग्य बनाउन ध्यान दिइराख्नुपर्ने देखिन्छ ।व्यवसायिक योजनामा उल्लेख गरिएको व्यवस्थापन संरचना बमोजिम यस आ.व मा देहाय बमोजिम कर्मचारीहरुको व्यवस्थापनलाई निरन्तरता दिई १ जना सुरक्षा गार्डको प्रबन्ध गरिनेछ ।

दरवन्दि देहाय बमोजिम हुनेछः

व्यवस्थापक १ जना ।

ऋण प्रमुख/ऋण अधिकृत १ जना ।

सेवा केन्द्र प्रमुख १ जना ।

बरिष्ठ (ऋण/कार्यालय/बचत) सहायक १ जना ।

कार्यालय/ऋण/बचत सहायक २ ।

जुनियर बचत/ऋण/कार्यालय सहायक ६ जना ।

सुरक्षा गार्ड १ जना ।

कार्यालय सहयोगी १ जना

कर्मचारी आवश्यक परेमा व्यवस्थापकको सिफारिसमा संचालक समितिले स्विकृत दरवन्दि बमोजिम कर्मचारी थप गर्न सक्नेछ ।

१६.१ कर्मचारी बृद्धिविकास कार्यक्रम

कर्मचारीहरुको तालिम तथा क्षमता अभिबृद्धि विकासका लागि गत वर्ष भएको कर्मचारी खर्चको २ प्रतिशत बजेटको व्यवस्था गरिनेछ र सो बजेट कर्मचारी बृद्धि, विकास तथा तालिममा खर्च गरिनेछ ।

१७) कर्मचारीको सेवा सुविधा संम्बन्धि व्यवस्थाः

बर्तमान देशको आर्थिक मन्दि तथा केहि सहकारीहरुको बदमासीका कारण आम जनमानसमा सहकार ीप्रति देखिएको नकरात्मक सोच र घट्दो विश्वासको बाबजुद पनि संस्थाको सदस्यता बृद्धि तथा कुल सम्पत्तिमा भएको बृद्धि उत्साहजनकनै रहेको छ, त्यस्तै गरि संस्थाको नाफा तथा वित्तिय आवस्था पनि राम्रो रहेको निरन्तरता भइरहेको अबस्था छ ।संस्था विकास तथा दिगोपनमा प्रमुख भूमिका कर्मचार

ीको नै हुने गर्दछ र संस्थाको मेरदण्ड भनेकै क्षमताबान र सन्तुष्ट कर्मचारी हुनुपरम आवश्यकता हो । बर्तमान अवस्था मा देशको मुद्रास्फिति बढ्दै गइरहेको, महङगी को अवस्था निरन्तर उकोले लागिरहेको र नेपाल सरकारले पनि २१ प्रतिशतका दरले कर्मचारीको तलब बृद्धि गरेको, संस्थाको कारोबार र कुल सम्पत्ति र नाफामा बृद्धि भएका कारणबाट मिति २०८३ श्रावण १ गतेदेखि लागूहुने गरि खाई पाई आएको तलब तथा भत्ता रकममा समयनुकुल १० प्रतिशतका दरले बृद्धि गरिनेछ र यहि २०८३ श्रावण महिनाबाट लागू गरिनेछ ।

बजार प्रतिनिधिहरु लगाएत सबै कर्मचारीहरुको कार्य क्षमता र फिल्डको अध्यायन गरि आवश्यक थप इन्धन तथा प्रोत्साहन थप गर्ने तथा कार्य प्रगतिका आधारमा भत्ता लगाएतका अन्य सुविधा कटौति गर्ने अधिकार व्यवस्थापकलाई रहनेछ ।

१८. पुरस्कार तथा सम्मान

क) शैक्षिक सम्मान:

नियमित बचत गर्ने शेयर सदस्यहरुको छोराछोरीहरुमध्येबाट शैक्षिक सत्रमा १२ कक्षा ,एस.ई.ई र कक्षा ८ उत्तिर्ण छात्र-छात्राहरुमध्ये सर्बाधिक अंक ल्याउने १/१ जनालाई शैक्षिक पुरस्कारबाट सम्मान गरिनेछ

ख) उत्कृष्ट ऋणी सम्मान

ऋणी शेयर सदस्यहरुमध्येबाट उत्कृष्ट १ जना पुरुष र १ जना महिलालाई नगद तथा प्रशंसापत्र बाट सम्मान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

ग) उत्कृष्ट बचत कारोबार सम्मान

उत्कृष्ट र नियमित कारोबार गर्ने शेयर सदस्यहरुबाट उत्कृष्ट बचत सम्मान,उत्कृष्ट खुत्रुके बचत गर्ने बालबालिकाहरुलाई मध्ये १ /१ जनालाई सम्मान तथा बर्थ डे केक बाट प्रोत्सायीत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

घ) उत्कृष्ट साकोस सहयोग सम्मान

संस्थाको लक्ष्य उपलब्धिमा सहयोग पुर्याउने १ जना शेयर सदस्यलाई नगद तथा प्रशंसापत्र मार्फत सम्मान गर्ने नीतिलाई निरन्तरत दिइनेछ ।

ङ) उत्कृष्ट कर्मचारी सम्मान

उत्कृष्ट नतिजा हासिल गर्ने १ जना कर्मचारीलाइ सम्मान गर्ने नीतिलाइ निरन्तरता दिइनेछ ।

च) जेष्ठ नागरिक सम्मान

कम्तिमा ५ बर्ष अगाडिबाट नियमित रुपमा मासिक बचत गर्ने ७५ बर्ष नाघेका जेष्ट नागरि कहरुलाइ नगद र प्रशंसा पत्रमार्फत सम्मान गरिनेछ ।

१९. सदस्य सुरक्षा एवं राहत कोष परिचालन सम्बन्धि नीति

राहत कोषमा आवद्धता भएको ३ वर्ष पुरा भएको र नियमित बचत गर्ने शेयर सदस्यहरुलाइ देहाय बमोजिम राहत उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ:

क) शेयर सदस्यको निधन भएमा रु ५०,०००।०० मृत्यु संस्कार राहत उपलब्ध गराइनेछ ।

ख) शेयर सदस्य अस्पताल भर्ना भई एकै पटकको उपचारमा १ लाख भन्दा बढिको खर्च भएमा रु १० हजार राहत उपलब्ध गराइनेछ । एक आर्थिक वर्ष एक पटक मात्र त्यस्तो राहत उपलब्ध गराईनेछ ।

ग) शेयर सदस्य तथा शेयर सदस्यको श्रीमति सुत्केरी हुँदा रु ३,०००।०० सुत्केरी राहत उपलब्ध गराइनेछ

घ) कुनै पनि दैविक प्रकोपका कारण एकै पटकमा रु १ लाख भन्दा बढिको सम्पत्ति क्षति हुन गएमा रु १० हजार राहत उपलब्ध गराइनेछ ।

ङ) सदस्यको एकाघर परिवारको निधन भएमा समवेदना तथा रु ५,०००।०० मृत्यु संस्कार राहत उपलब्ध गराइनेछ ।

२०) सामुदाय विकास

संस्थाको बार्षिक उत्सव या कुनै अवसरमा देहाय बमोजिम मध्ये कुनै १ वा सबैमा आर्थिक राहत उपलब्ध गराइनेछ ।

क) सामुदायिक विद्यालयमा छात्रबृद्धि

ख) सामुदयिक कार्यक्रमहरुमा उचित आर्थिक सहयोग

ग) मानव आश्रमहरुमा भोजनको लागि आर्थिक सहयोग

२१) बैठक तथा भत्ता सम्बन्धि नीति

क) सञ्चालक समितिको मासिक नियमित बैठकको रु १,२००।०० बैठक भत्ता बृद्धि गरि रु १,५००।०० उपलब्ध गराइने गराइनेछ ।

ख) लेखा तथा सुपरिवेक्षण समितिको मूख्य कार्यालयमा १२ वटा र सेवा केन्द्रमा ६ वटा नियमित बैठकको रु. १,५००।०० बैठक भत्ता उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ

ग) सेवा केन्द्र उप समितिको मासिक नियमित बैठक, ऋण उप समितिको मासिक २ वटा बैठक र शिक्ष उप समितिको प्रत्येक २ महिनामा १ वटा बैठक र अन्य उप समितिको त्रैमासिक बैठकको रु १०००।०० का दरल् बैठक भत्ता उपलब्ध गराइनेछ । माथि उल्लेखित भत्ता रकमबाट १५ प्रतिशत टि.डि.एस. रकम कट्टा गरिनेछ ।

घ). संस्थाको काम गर्नको लागि संचालक समिति, लेखा समिति तथा विभिन्न उप समितिहरु फिल्डमा खटिएको समयमा सञ्चालक समिति वा व्यवस्थापकको निर्णयबाट उचित खर्चको प्रवन्ध गरिनेछ । साथै जिल्ला भित्र तथा जिल्ला बाहिर र आवसीय गोष्ठीहरुमा सहभागि हुँदा संचालकसमितिको निर्णयबाट खर्च तथा भत्ताको व्यवस्था गरिनेछ ।

२२) कार्यविधि निर्माण

साकोसलाई नीति, बिधि र प्रविधि अनुरुप अगाडी बढाउँदै लैजाने उद्धेश्य अनुरुप संस्थामा आवश्यक पर्ने नीतिहरु मध्ये हाल संचालनमा रहेका २१ वटा कार्यविधिलाई आवश्यकता अनुरुप संशोधन,पुर्नलेखन गरिनेछ भने आवश्यता बमोजिम थप कार्यविधिहरु निर्माण गरि लागू गरिनेछ ।

२३) स्तरिकरण कार्यक्रम

केन्द्रिय सहकारी संघले संचालन गरेको साकोसहरुको राष्ट्रिय गुणस्तर मापन "**पुर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम**"(PROBATION) मा विगत ७ वर्षदेखि भएको आवद्धतालाइ वा अन्य संघ तथा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको स्थरिकरण कार्यक्रम मध्ये एउटा कार्यक्रमको आवद्धतालाई निरन्तरता दिइ ब्राण्ड प्राप्त गर्न कोशिस गरिनेछ ।

२४) विविध

१. बर्तमान समयमा सेबा दिइरहेको रेमिट्यान्स सेवालाई निरन्तरता दिईनेछ ।

२. अगामी बर्षको नयाँ बर्षमा क्यालेण्डर प्रकाशन गरि सदस्यलाई वितरण गर्ने नीतिलाई निरन्तरता दिइने छ ।

३. सहकारी ऐन, सहकारी नियमावली,स्थनीय ऐन तथा संस्थाको विनियम, नीतिहरु र साधारण सभाले प्रत्यायोजन गरेको अधिकार भित्र रहि संस्था तथा शेयर सदस्यको हितमा समय सापेक्ष संचालक समितिले निर्णय गर्दै लागू गरिनेछ ।

माथि उल्लेखित कार्ययोजनामा उल्लेखित कार्यक्रमहरु पूरा गर्नका लागि संचालक समिति, लेखा तथा सुपरिवेक्षण समित तथा विभिन्न उप-समितिमा रहेर जिम्मेवारी सम्हाल्नु भएका पदाधिकारीज्यूहरु सबैले आ-आफ्नो जिम्मेवारी र भुमिकामा रहेर एवं सम्पूर्ण शेयर सदस्यज्यूहरुले पनि आ- आफ्नो क्षेत्रबाट आवश्यक सल्लाह, सुझाव सहित आफ्नै संस्थामा आर्थिक कारोबार गरेमा संस्थाले अपेक्षित लक्ष्य पार गर्दै उच्चतम सफलता हासिल गर्ने विश्वास गरिएकोछ, तसर्थ सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दै अन्त्यमा यस श्री मंगलपुर वचत तथा ऋण सहकारी संस्था लि. को **१९औं बार्षक साधारण सभा**मा उपस्थित हुनुहुने शेयर सदस्य तथा आमन्त्रित श्रद्धेय व्यक्तित्वहरुलाई हार्दिक धन्यबाद दिदै यो नीति कार्यक्रम तथा कार्ययोजना प्रतिवेदन छलफल पश्चात् अनुमोदनका लागि यस सभा समक्ष प्रस्ताव गर्न चाहन्छु ।

धन्यवाद !

जय सहकारी !

.....

बाबुराम परियार

अध्यक्ष

आ.ब. २०८३/०८४ को प्रस्तावित बजेट तथा आय-व्यय प्रतिवेदन



रामजी घिमिरे
व्यवस्थापक

यस सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, सल्लाहकार ज्यूहरु, समिति, लेखासमिति, ऋण उप-समिति, ,कर्मचारी तथा आदरणीय शेयर सदस्यज्यूहरु सर्वप्रथम आज यस मंगलपुर वचत तथा ऋण सहकारी संस्था लि. मंगलपुरको **१९औं बार्षक साधारण सभा**मा उपस्थित यहाँहरुलाई संस्था र मेरो व्यक्तिगत तर्फबाट स्वागत एवं अभिवादन गर्न चाहन्छु ।

अध्यक्षज्यूबाट प्रस्तुत भएको नीति तथा कार्यक्रमहरु सम्पन्न गर्नका लागि छुट्टाइएको बजेट तथा आ.व. २०८३/०८४ प्रक्षेपण गरिएको आय र खर्च प्रस्तुत गर्न चाहन्छु ।

कार्यक्रम खर्च

आ.व. ०८३/०८४ को आय व्याय तथा वित्तिय लक्ष्य र आवश्यक बजेट व्यवस्था देहाय बमोजिम हुनेछ :

बजेट खण्ड

क्र.स.	कार्यक्रम	विनियोजित रकम
१	नविनतम प्रविधि विकास योजना (क्यू आर कोड,ट्याव, मिसकल, सफ्टवयर)	२,५०,०००।००
२	सुचना प्रविधीको विकास योजना (वेवसाइट,एसएमएस,)	७५,०००।००
३.	सदस्य सेवा कार्यक्रम (सदस्यहरुको उद्यमशिलता विकास, वित्तिय साक्षरता,सीप विकास तालिम)	२,००,०००।००
४.	मानव स्वास्थ्य (रक्तदान कार्यक्रम, स्वास्थ्य शिविर)	१,००,०००।००
५	बातावरण संरक्षण, सास्कृतिक संरक्षण, (बृक्षारोपण, सरसफाई, प्रतिक्षालय,आदि)	५०,०००।००

संस्थागत विकास कार्यक्रम

१.	कर्मचारी तथा संचालक क्षमता विकास तालिम (ऋण व्यवस्थापन,कानुनी अवस्था,व्यवसायी योजना, गोष्ठीहरु,अध्ययान भ्रमण,पर्ल्स लगाएत)	३,००,०००।००
२.	सदस्य क्षमता विकास कार्यक्रम (नेतृत्व विकास, वित्तिय परामर्श,व्यक्तित्व विकास, अध्यायन आवलेकन भ्रमण)	२,५०,०००।००
३	कर्मचारी तालिम तथा क्षमता अभिबृद्धि विकास	१,४०,०००।००

०८३/०८४ को आय व्याय तथा वित्तिय लक्ष्य र आवश्यक बजेट व्यवस्था देहाय बमोजिम हुनेछ :

मिति २०८३/०४/०१ देखि २०८४/०३/३१ सम्मको

प्रक्षेपित वासलात

इक्वीटी (पूजि) तथा दायित्व

शीर्षकहरू	२०८२/०८३	लक्ष्य		वृद्धि हुने रकम	२०८३/८४ को प्रक्षेपित कूल रकम	प्रतिशत
		फर्ल्स अनुपात	वृद्धि प्रतिशत			
शेयर पुजि	३६,४८४,७००.००	५.८२	०.०५	१७,७००.००	३६,५०२,४००.००	५.८२
जगेडा कोष	६३,२९१,९४३.५८	१२.७६	२६.४७	१६,७५१,२५५.१४	८०,०४३,१९८.७१	१२.७६
अन्य कोष हिसाव	११,३१४,२७९.१२	२.००	१०.८२	१,२२४,६०७.९२	१२,५३८,८८७.०३	२.००
बचत निक्षेप	४१२,८०१,९६८.१७	७२.२७	९.८१	४०,४९८,०३१.८३	४५३,३००,०००.००	७२.२७
तीर्नुपनै ऋण हिसाव	-	-	-	-	-	०.००
जोखिम कोष व्यवस्था	३७,३२३,२१०.४१	५.१२	-	५,२००,०००.४१	३२,१२३,२१०.००	५.१२
चालु दायित्व	९,३८४,३२५.८३	२.०३	३५.९३	३,३७१,३७४.१७	२,७५५,७००.००	२.०३
कूल जम्मा	५७०,६००,४२७.१०	१००.००	९.९३	५६,६६२,९६८.६५	६२७,२६३,३९५.७५	१००.००
सम्पत्ति तथा जायदात						
स्थिर सम्पत्ति	८,०९३,९४७.१५	१.३६	५.०२	४०६,०५२.८५	८,५००,०००.००	१.३६
गैह्र वैकिङ सम्पत्ति	५,४६८,५००.००	१.६७	९२.१०	५,०३६,५००.००	१०,५०५,०००.००	१.६७
ऋण लगानी	४८३,४३६,८८६.००	८२.९८	७.६७	३७,०६३,११४.००	५२०,५००,०००.००	८२.९८
वित्तिय लगानी	६,२२७,१३९.५९	१.००	०.३०	१८,७४०.४१	६,२४५,८८०.००	१.००
नगद वा नगद सरह	६६,६९४,७४९.३७	१२.२२	१४.८९	९,९२७,७६६.३८	६,६२२,५१५.७५	१२.२२
भुक्तानी पाउनुपर्ने	-	-	-	-		०.००
जैविक सम्पपत्ति मालशेष	-	-	-	-		०.००
अन्य चालु सम्पत्ति	६७९,२०४.९९	०.१२	६१९.९६	४,२१०,७९५.०१	४,८९०,०००.००	०.७८
कूल जम्मा	५७०,६००,४२७.१०	९९.३४	९.९३	५६,६६२,९६८.६५	६२७,२६३,३९५.७५	१००.००

रामजी घिमिरे
व्यवस्थापक

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

अनुमानित आय/व्याय विवरण

विवरण	०८१/८२ यथार्थ	०८२/८३ प्रक्षेपित	०८२/८३ यथार्थ	०८३/८४ प्रक्षेपित
वित्तिय लगानीबाट आम्दानी	२,०५४,९२४.९२	१,८४९,९००.००	१,८८९,६५८.५६	१,४९६,३००.००
शेयर लगानीबाट आम्दानी	२१५,८२६.८८	४२५,०००.००	१४६,२१७.०१	५५१,३००.००
बचत लगानीबाट आम्दानी	२०,४४०.००	२२,४००.००	१६,५३७.००	१५,०००.००
मुद्दती हिसाव खाता आम्दानी				
सेक्युरिटिमा लगानी आम्दानी				
तरल लागनीबाट आम्दानी	१,८१८,६५८.०४	१,४०२,५००.००	१,७२६,९०४.५५	९३०,०००.००
अन्य क्षेत्रमा लागनी आम्दानी				
ऋण लगानीबाट आम्दानी	५२,००५,७९३.००	५२,८५०,०००.००	५४,९५७,६६८.००	५१,५००,०००.००
रेमिट्यान्स आम्दानी	२४,३८०.९३	२०,०००.००	२१,०५६.३४	२०,०००.००
विविध आम्दानी	९,४७७,८१६.५५	५,२९६,५००.००	८,५४५,८२८.९९	५,८६२,३००.००
प्रवेश शुल्क	३६,२६०.००	३७,०००.००	३३,४७०.००	३०,३००.००
छुट तथा कमिशन	१२५,३४०.००	१००,०००.००	१२४,४२१.००	५०,०००.००
विविध आम्दानी	९५,९४७.५५		४२,०६८.९९	
निवेदन शुल्क	४६,०१०.००	५१,५००.००	४१,२२०.००	४०,०००.००
धितो मूल्यांकन शुल्क	७१,०००.००	१००,०००.००	७१,०००.००	१००,०००.००
सेवा शुल्क	२,७३०,६६०.००	२,४००,०००.००	२,७६१,७२४.००	२,५००,०००.००
मोवाइल वैकिङ्ग शुल्क	८५,६००.००	१००,०००.००	१००,१२०.००	१००,०००.००
विलम्ब शुल्क	६,२७७,९९९.००	२,५००,०००.००	५,३२२,८०५.००	३,०००,०००.००
ऋण प्रकृया शुल्क	९,०००.००	८,०००.००	४९,०००.००	४२,०००.००
जम्मा आम्दानी	६३,५६२,९१५.४०	६०,०१६,४००.००	६५,४१४,२११.८९	५८,८७८,६००.००

रामजी घिमिरे
व्यवस्थापक

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

मिति २०८२/०४/०१ देखि २०८३/०३/३१ सम्मको
अनुमानित आय/व्याय विवरण
खर्च विवरण (लाखमा)

क्षेत्र	विवरण	आ.०८२/८३ विनियोजित	०८२/८३ यथार्थ	०८३/८४ विनियोजित
कर्मचारी खर्च	जम्मा कर्मचारी खर्च	७,१०५,०००.००	६,७८७,१०९.८०	८,३५८,०००.००
	तलब र ज्याला	३,८५६,०००.००	३,८०५,६९१.००	४,४२०,०००.००
	कर्मचारी भत्ता	१,०८८,०००.००	९९९,७८४.००	१,२००,०००.००
	कर्मचारी विमा	-	-	-
	कर्मचारी इनधन खर्च	२२०,०००.००	१८६,०००.००	२९०,०००.००
	कर्मचारी खाचा भत्ता	१९०,०००.००	११६,०००.००	१६०,०००.००
	कर्मचारी हित कोष	-	-	-
	पोशाक खर्च	१५६,०००.००	१५६,०००.००	१६८,०००.००
	औषधी उपचार खर्च	-	-	-
	विदा खर्च	३०५,०००.००	२५७,९४३.००	४००,०००.००
	सामाजिक सुरक्षा कोष खर्च	८२०,०००.००	७९७,१२३.८०	९७०,०००.००
	कर्मचारी ग्रेड	४७०,०००.००	४६८,५६८.००	७५०,०००.००
	जम्मा प्रशासनिक खर्च	६,०००,०००.००	४,४२९,२६२.०४	५,९२०,५००.००
प्रशासनिक खर्च	पानी विजुली तथा सरसफाई	२५०,०००.००	२१९,६५३.०५	२८८,०००.००
	बैंक शुल्क	१०,०००.००	१,२४९.७०	२,५००.००
	मसलन्द तथा छपाई	३९०,०००.००	२६२,९७९.००	३०५,०००.००
	सुचना तथा संचार र इन्टरनेट	१२५,०००.००	९८,४००.००	१२०,०००.००
	भाडा खर्च	३३५,०००.००	३३३,३३६.००	३३५,०००.००
	लेखापरीक्षण शुल्क	१००,०००.००	१००,०००.००	११०,०००.००
	लेखापरीक्षण खर्च	२५,०००.००	१,६३०.००	१५,०००.००
	व्यवसायिक परामर्श शुल्क	४०,०००.००	-	२५,०००.००
	मर्मत तथा संभार	२५०,०००.००	५९,८६५.००	२५०,०००.००
	इन्धन खर्च	१२०,०००.००	८०,३५०.००	११०,०००.००
	बीमा प्रिमियम खर्च	७०,०००.००	३६,२४८.००	५०,०००.००
	बैठक भत्ता	४७०,०००.००	३९०,३७७.००	३४५,०००.००
	जरिवाना/	-	-	-

	दर्ता नविकरण तथा अन्य कर	२००,०००.००	१६९,३९०.००	१८०,०००.००
	प्रशिक्षण तथा गोष्टी	५००,०००.००	२३१,२१०.००	५५५,०००.००
	अनुसन्धान तथा विकास	-	-	-
	सम्मान तथा पुरस्कार	४५,०००.००	-	०,०००.००
	साधारण सभा तथा विस्तारित मङ्च	१,३००,०००.००	९३०,९७७.००	१,१२०,०००.००
	विपत व्यवस्थापन	२५,०००.००	-	२५,०००.००
	उत्सव तथा प्रोत्साहन खर्च	१००,०००.००	११९,१६०.००	१७०,०००.००
	अध्ययन तथा अवलोकन	३००,०००.००	१७३,१६७.००	३००,०००.००
	सुरक्षा खर्च/सामाजिक विकास खर्च	१००,०००.००	२२८,१११.००	३५०,०००.००
	अतिथी सत्कार खर्च	३०,०००.००	१,९७०.००	२५,०००.००
	अपलेखन खर्च	-	-	
	बजारीकरण तथा प्रर्वधन खर्च	३२५,०००.००	२४९,६९९.००	३२०,०००.००
	यातायात तथा दैनिक भ्रमण भत्ता	४०,०००.००	-	४०,०००.००
	ऋण प्रकृयागत खर्च	-	-	
	ह्रास खर्च	६५०,०००.००	६६०,०६०.३०	६५०,०००.००
	अवमुल्यन खर्चर/व्याज छुट	१००,०००.००	-	१००,०००.००
	क्षयीकरण नोक्शानी	-	-	
	अन्य खर्च	१००,०००.००	८१,४२९.९९	१००,०००.००
	जम्मा वित्तिय खर्च	२४,०००,०००.००	१८,४०१,०७१.००	१८,०००,०००.००
वित्तिय खर्च	बचतमा तिरेको ब्याज	२४,०००,०००.००	१८,४०१,०७१.००	१८,०००,०००.००
	ऋणमा तिरेको ब्याज	-	-	-

रामजी घिमिरे
व्यवस्थापक

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

जोखिम व्यवस्था अघिको जम्मा खर्च		३७,१०५,०००.००	२९,६१७,४४२.८४	३२,२७८,५००.००
जोखिम व्यवस्था अघिको खुद आम्दनी		२२,९११,४००.००	३५,७९६,७६९.०५	२६,६००,१००.००
व्यवस्थाहरू	व्यवस्थाहरू	३,४००,०००.००	१६,३१३,०४५.७८	७,०००,०००.००
	जोखिम कोष खर्च	३,४००,०००.००	१६,३१३,०४५.७८	७,०००,०००.००
	लगानी नोक्शानी व्यवस्था खर्च	-		
	समस्याग्रस्त सम्पत्तिको लागि व्यवस्था खर्च	-		
	अन्य व्यवस्था खर्च (सस्पेन्स हिसाव)	-		
स्थगन कर		-		
	जम्मा कूल खर्च	४०,५०५,०००.००	४५,९३०,४८८.६२	३९,२७८,५००.००
खुद नाफ. कूल आम्दानत(कूल खर्च		१९,५११,४००.००	१९,४८३,७२३.२७	१९,६००,१००.००

रामजी घिमिरे
व्यवस्थापक

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

२०८३/०८४ को अनुमानित
आय विवरण (Income Statement)

क्र.स.	विवरण	अनुसुचि	आव ०८२/८३ को यथार्थ रू. मा	०८३/८४ को प्रक्षेपित(लाखमा)	
१	आम्दानी				
	वित्तिय लगानीबाट आम्दानी		०.००	०.००	
	गैह्र वित्तिय लगानीबाट आम्दानी		०.००	०.००	
	ऋण लगानीबाट आम्दानी		१७२६९०४.५५	९३०००.००	
	सेवा संचालनबाट आम्दानी		०.००	०.००	
	विक्रिबाट आम्दानी		०.००	०.००	
	विविध आम्दानी		५४९५७६६८.००	५१५००००.००	
	ऋण जोखिम व्यवस्थाबाट आम्दानी		५०००.००	९०००.००	
	जम्मा कूल आम्दानी		५६६८९५७२.५५	५२४३९०००.००	
२	खर्च				
	कर्मचारी खर्च		०.००	०.००	
	प्रशासनिक खर्च		७९७१२३.८०	९७००००.००	
	वित्तिय खर्च		०	०	
	व्यवस्थाहरू		२९६१७४४२.८४	३२२७८५००.००	
	कूल खर्च		३०४१४५६६.६४	३३२४८५००.००	
३	संचालन बचत /नोक्सानी		२६२७५००५.९१	१९१९०५००.००	
४	कर्मचारी बोनस कट्टी		२३८८६३६.९०	१७४४५९०.९१	
५	आय योग्य खुद नाफा/नोक्सान		२३८८६३६९.०१	१७४४५९०९.०९	
६	आयकर व्यवस्था		७४०५३४३.०५	४६८९१८१.८२	
	स्थगन कर व्यवस्था		१९७५८.३७		
७	आयकर पछिको बचत		१६४६१२६७.५९	१२७५६७२७.२७	
	बचत बाडफाड	अल्या	आ व२०८२/८३	आ.व.२०८३/८४	जम्मा ८३/८४
८	जगेडा कोष २५	४८५७७९४६.९५	४११५३१६.९०	३१८९१८१.८२	५५८८२४४५.६७
	अन्य स्रोतबाट	०.००	११८३३४५८.३९	१४०३९५४६.६५	२५८७३००५.०४
९	बाकि बचत		१२३४५९५०.६९	९५६७५४५.४५	०.००
	संरक्षित पुजि कोष २५		३०८६४८७.६७	२३९१८८६.३६	२३९१८८६.३६
	सहकारी प्रवर्धन कोष ०.५	२४६६४१.१६	६१७२९.७५	४७८३७.७३	४७८३७.७३
	बाकि बचत		९१९७७३३.२६	७१२७८२१.३६	०.००

	शेयर लाभांश कोष ६५	७०	६४३८४१३.२९	४९८९४७४.९५	४९८९४७४.९५
	कर्मचारी बोनस कोष ५		0.00	0.00	0.00
	सहकारी शिक्षा कोष ५	0	४५९८८६.६६	३५६३९१.०७	३५६३९१.०७
	सहकारी विकास कोष ५	0	४५९८८६.६६	३५६३९१.०७	३५६३९१.०७
	घाटा पुर्ति कोष ५	२४२६०२३.२५	४५९८८६.६६	३५६३९१.०७	३२४२३००.९८
	सामुदायिक विकास कोष ५	0	४५९८८६.६६	३५६३९१.०७	३५६३९१.०७
	स्थिरिकरण कोष ५	0	४५९८८६.६६	३५६३९१.०७	३५६३९१.०७
	अन्य जोखिम कोष ५	0	४५९८८६.६६	३५६३९१.०७	३५६३९१.०७
	आ.व. २०८३/०८४ को बर्षान्तमा हुने जम्मा अन्य कोष रकम				१२४५३४५५.३७
	आ.व. २०८३/०८४ को बर्षान्तमा हुने जम्मा जगेडा कोष रकम				८१७५५४५०.७१

रामजी घिमिरे
व्यवस्थापक

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

शेयर सदस्यज्यूहरु,

माथि उल्लेखित बजेट तथा आय-व्याय विवरणमा उल्लेखित शीर्षकगत कार्यक्रमहरु पूरा गर्नका लागि जिम्मेवारीमा बस्नुहुने सबैजनाबाट सल्लाह, सुझाव सहित मंगलपुर साकोसमानै आर्थिक कारोबार गरेमा उच्चतम सफलता हासिल गर्ने विश्वास लिएको छु । तसर्थ सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दै अन्त्यमो **१९औं बार्षिक साधारण सभा**मा उपस्थित हुनुहुने शेयर सदस्य तथा आमन्त्रित श्रद्धेय व्यक्तित्वहरुलाई हार्दिक धन्यबाद दिदै यो,बजेट तथा अनुमानित आय-व्यय प्रतिवेदन स्विकृति लागि यस सभा समक्ष प्रस्ताव गर्न चाहन्छु ।

धन्यवाद !
जय सहकारी !.

रामजी घिमिरे
व्यवस्थापक

आन्तरिक लेखा समितिबाट प्रस्तुत प्रतिवेदन आ.व. २०८२/०८३



सुदिप पौडेल
लेखा समिति संयोजक

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लि.को १९ औं बार्षिक साधारण सभाका सभापति महोदय, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु, पुर्व अध्यक्षज्यूहरु, सञ्चालक समिति, लेखा समितिका सदस्यज्यूहरु सल्लाहकारज्यूहरु, ऋण उप-समिति लगाएत विभिन्न उप-समितिका सदस्यज्यूहरु, व्यवस्थापक एवं कर्मचारीहरु तथा उपस्थित आदरणीय शेयर सदस्य महानुभावहरु:

सर्वप्रथम आज मंगलपुर साकोसको १९ औं **बार्षिक साधारणसभा**मा उपस्थित यहाँहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा आन्तरिक लेखा समितिको तर्फबाट स्वागत एवं नमस्कार गर्न चाहन्छु ।

आदरणीय शेयर सदस्यज्यूहरु:

मंगलपुर बचत तथा ऋण सहकारी संस्थाले आफ्नो स्थापनाको आज १९ बर्ष पुरा गरेतापनि आर्थिक कारोबार गर्न थालनी गरेको झण्डै २३ बर्ष पुगेको छ । २३ वर्ष अगाडि ५ जना व्यक्तिहरुबाट मासिक रु ५०० का दरले बचत गर्न शुरु गरि १९ बर्ष अगाडि ३७ जना सदस्यहरुबाट सहकारी दर्ता गरि सहकारी संस्थाको रुपमा कारोबारको थालनी गरिएको थियो । संस्थाले यो अवधिमा विभिन्न आरोह अवरोह तथा चुनौतिहरु पार गर्दै आज ५७ करोड भन्दा बढिको कुल कारोबार गरि उच्च सफलता हाँसिल गर्दै गईरहेको व्यहोरा यस सम्मानीत सभा समक्ष राख्न चाहन्छु ।

संस्थाका आ.व.२०८२/०८३ सम्मको वित्तिय कारोबार लगाएत संस्थाको सुशासन, पारदर्शिता र जवाफदेहिता पनि संगसँगै परिक्षण गरिएका हुन्छन । साधारणसभाबाट पारित भएका आन्तरिक कार्याविधि,विनियम,तथा सहकारी ऐन नियमावली, नियमकिय निर्देशनहरुको परिपालनाको अवस्था तथा संस्थाले राख्नुपर्ने र उल्लेख गर्नुपर्ने सदस्यहरुका व्यक्तिगत विवरण, ऋण फाइलमा आवश्यक पर्ने कागजातहरु, नियमकिय निकायहरुमा पठाउने प्रतिवेदनहरु, निकायहरुबाट प्राप्त सुझवहरुको कार्यन्वय,मानव संसाधन व्यवस्थापन,स्थिर सम्पत्ति तथा नगदको भौतिक परीक्षण,स्विकृत बजेट कार्यान्वयन,पर्ल्स विश्लेषण,प्रविधिको प्रयोग आदि विषयहरु आन्तरिक लेखा परिक्षण अन्तर्गत पर्ने र सोहि बमोजिम हामीले जिम्मेवारी एवं जवाफदेहिपूर्ण तरिकाले संस्थाको आन्तरिक लेखा परिक्षण गर्दा प्राप्त तथ्य तथ्याङ्कहरुको विश्लेषणको आधारमा विभिन्न सल्लाह, सुझाव सहित बुँदागतरुपमा यो प्रतिवेदन पेश गरेका छौं ।

१. आ.व. २०८२/०८३ मा नारायणगढ सेवा केन्द्रमा ८ वटा र मूख्य कार्यालयकमा १२ वटा गरि लेखा तथा सुपरिवेक्षण समितिको जम्मा २० वटा बैठक बस्यो । संस्थाको सम्पुर्ण वित्तिय कारोबार, हिसाव किताव विवरण लेखा परिक्षणका आधुनिक लेखामानको सिद्धान्त र प्रविधिको प्रयोग गरी राखिएको हुँदा संस्थाको कारोबार स्पस्ट, पारदर्शी एवं चुस्तदुरुस्त रहेको पाईएको छ ।

२. संचालक समिति तथा साकोस व्यवस्थापनले साकोस संचालन गर्दा सहकारीको मूल्य मान्यता तथा सिद्धान्त र ऐन, नियम, नियमकिय निर्देशनहरु, विनियम तथा आन्तरिक कार्यविधि, अनुसार आफ्नो

जिम्मेवारीलाई सन्तोषजनक रुपमा पुरा गरेको पाइयो । आ.व. २०८२/०८३ को सम्पुर्ण आर्थिक कारोबारको यथार्थ विवरण विश्लेषण गर्न सहज होस भन्ने उद्धेश्यले गत वर्ष र यस बर्षको तुलनात्मक वित्तिय विवरण विश्लेशण गरेका छौं । साथमा सहकारी विभागबाट जारी गरिएको चार्ट अफ एकाउन्टको मापदण्ड र मोडेल अनुसार वासलत, आम्दानी खर्च, वासलतसँग सम्बन्धित अनुसुचिहरु र पर्ल्स बित्तिय विश्लेषण विधि प्रयोगरि संस्थाको कार्ययोजनाले तोकेको लक्ष्य र हाल प्राप्त उपलब्धिको यथार्थ वित्तिय अवस्था समेत चित्रण गरिएको छ र संस्थाको गतिविध त्रैमासिक रुपमा संचालक समित समक्ष सुझाव सहित प्रतिवेदन पेश गरेका छौं र दिइएका सुझावहरुको कार्यान्वयन क्रमशः भइरहेको छ ।

३. लेखा तथा सुपरिवेक्षण समितिको बैठक बस्दा व्यवस्थापक लगायत सम्बन्धित कर्मचारीसँग संस्थाको आर्थिक गतिविधि र अबस्थाको बारेमा छलफल गर्ने एवं मौखिक तथा लिखितरुपमा आवश्यक सल्लाह सुझाव दिने गरिएको छ र दिइएका सुझावहरु क्रमशः कार्यान्वयन भएको छन । स्थरीकरण कार्यक्रम अर्न्तगत स्क्यान तथा स्थालगत अनुगमनबाट प्राप्त सुझावहरु तथा नियमकिय निकायहरुबाट प्राप्त सुझावहरुको क्रमशः कार्यान्वन भएको छ ।

४. अनुमानि आय कर बमोजिमको अग्रिम आयकरको किस्ता, व्याज खर्चको टि.डि.एस., समितलाई प्रदान गरिएको बैठक भत्ताको टि.डि.एस. लगाएत सबै किसिमका करहरु आयकर ऐन बमोजिम समय भित्रै दाखिला गरिएको छ र समयमानै इ टि.डि.एस. गर्ने गरिएको पाइएको छ ।

५. प्रचालित कानुन बमोजिम स्थिर सम्पत्ति ह्रसाकट्टी भएको छ । संस्थामा सबै सम्पत्ति सामानहरुको रुजु गरिएको छ। बाह्य लेखा परिक्षण प्रतिवेदनमा उल्लेखित सबै सम्पत्ति सामानहरुको अवस्था मापदण्ड बमोजिमनै रहेको छ ।

६ सम्पत्ति शुद्धिकरण निवारण निर्देशिका बमोजिम कार्यान्वय अधिकारी नियुक्त गरिएको छ । कार्यान्वयन अधिकारीबाट सीमा कारोबार र शङ्सपद कारोबारको प्रतिवेदन वित्तिय सूचना एकाइमा पठाउने गरिएको पाइएको छ । कोपोमिस प्रणालिमा शत प्रतिसत सदस्यहरुको विवरण दर्ता भएको छ । सदस्य बर्गीकरण गरि सोहि बमोजिम के.वाइ.एम अद्यावधिक गर्ने गरिएको छ ।

७. कर्मचारी तथा आर्थिक प्रशासन कार्यविधि बमोजिम कर्मचारी नियुक्ति तथा कार्यविभाजन, कार्यविवरण प्रदान र कार्यन्वयन भएको देखिन्छ ।

८. ऋण कार्यविधिमा उल्लेख भएको प्रकृया बमोजिम ऋण लगानी भएको, ऋणका फाइलहरु अध्ययन गर्दा आवश्यक कागजातहरु राखिएको, ५ सी विश्लेषण गर्ने गरिएको ५ लाख भन्दा साना ऋणहरुलाई उच्च व्यवस्थापनको बैठकबाट ऋण स्विकृत गर्ने गरिएका, ५ लाख भन्दा बढिका ऋणहरु ऋण उप समितिबाट स्विकृत गरी लगानी गर्ने गरिएको र सबै ऋण लगानीहरु संचालक समितिको बैठकमा छलफल भई अनुमोदन गर्ने गरिएको पाइयो ।

९. वित्तिय बजारमा भएका अनेक खालका उतार चढाब समस्याहरु यस वर्ष पनि कायम रहेको भएता पनि संस्थाको आर्थिक पक्ष सवल र सक्षम रहेको पाइयो साथै यस आ.व. मा लिइएको लक्ष्यको १२८ प्रतिशतको हाराहारीमा लक्ष्य हाँसिल गरेको र संस्थाको वित्तिय गतिविधि विश्लेषण गर्दा संस्थाको बर्तमान अवस्था सुरक्षित र भविस्य उज्जवल देखिन्छ ।

१०. कुनै पनि वित्तिय सहकारीको मेरुदण्ड भनेको संस्थागत पुँजि हो । यसले सस्थाको दिगोपन र भविष्यलाई सुरक्षित गर्दछ । बर्तमान अवस्थामा १२ प्रतिशतको हाराहारीमा संस्थागत पुँजी भएकोले लक्ष्य अनुसार ज्यादै राम्रो पक्ष रहेको छ। उक्त प्रतिशतलाई कायम राख्दै अझै जगेडाकोष बृद्धि गर्नतर्फ ध्यान निरन्तर दिइराख्नुपर्ने हुन्छ ।

११.पर्ल्स सुचकको बमोजिम भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम हुनुपर्नेमा भाखा नाघेको ऋण ५ भन्दा बढि देखिएकोले सम्पुर्ण ऋणी सदस्यहरुलाई आँफुले ऋण लिँदा संस्थासँग लिखित गरिएको कबुलीयत अनुसार समयमानै आफ्नो तिर्नपर्ने साँवा व्याज भूक्तान गरि आफ्नो कर्तव्य र इमान्दारिता पुरा गर्न विशेष सुझाव राख्दछौ र भाखा नाघेका ऋण सदस्यहरुलाई ऋण असुलीका लागि संस्थाले निर्धारण गरेको कर्जा असुली संम्बन्धि नियमहरुलाई सञ्चालक समिति र ऋण असुली उप-समितिले कडाइका साथ लागू गरि कानुन बमोजिम धितो लिलामी गरि असल गर्न तथा कर्जा असुली न्याधिकरण मार्फत ऋण असुलीमा अझ बढि सक्रियताका साथ लाग्न सुझाव राख्दछौं ।

१२.चालु आ.व. मा सदस्य शिक्षा,तालिम कार्यक्रमहरु अझ बढि र नियमित गरी सदस्यहरुलाई क्षमता तथा व्यवसायी सीप विकास जोड्न सकेमा संस्थागत विकासलाई थप टेवा पुग्नेछ ।

१३. विगत बर्षहरुमा जस्तै यस बर्ष पनि रु ३० करोडभन्दा माथि कारोबार गर्ने साकोसहरुमध्येबाट हाम्रो मंगलपुर बचत तथा ऋण सहकारी संस्था व्यवस्थापक श्री रामजी घिमिरेज्यू चितवन जिल्लामा प्रथम कर्मचारीबाट सम्मानीत हुनुभएकोमा व्यवस्थापकज्यूलाई हार्दिक बधाई दिदै बार्षिक साधारणसभाले तर्जुमा गरेको कार्ययोजनालाइ सफलतापूर्वक कार्यान्वयन गरि साकोसलाई राष्ट्रिय गुणस्तर मापदण्ड प्रमाणिकरण PROBATION Brand प्राप्त गर्न सफल हुँदै एशियाली स्तर मापदण्ड प्रमाणिकरण ACCESS Brand को लागि तयारीका साथ अघि बढ्दै जाने शुभभाव प्रकट गर्दै राष्ट्रिय अन्तराष्ट्रिय स्तरको नमुना सहकारी संस्थाको रुपमा आफुलाई अब्बल सावित गर्नेछ भन्ने विश्वास गरेका छौं ।

अन्त्यमा,

संस्थालाई कुशलता तथा दक्षतापूर्वक संचालन गरिरहनुभएका संचालक समितिका अध्यक्ष,पदधिकारी एवं संचालक सदस्यज्यूहरु, संस्थाको आर्थिक र प्रशासनिक कार्यहरुलाई उचित र कुशलढंगबाट व्यवस्थापन गर्नुका साथै संस्थामा सुसासन एवं दुरदृष्टि राखि सम्पुर्णकोणबाट संस्थाको सहि वित्तीय विश्लेषण एवं व्यवस्थापन गर्नुहुने व्यवस्थापक तथा संस्थाको दिगो विकासका लागि लगातार लागिरहने कर्मचारीहरु एवं संस्थालाई यो हैसियत सम्म ल्याउन सहयोग गर्नुहुने सम्पुर्ण शेयर सदस्यहरुलाई विशेष धन्यवाद सहित यो प्रतिवेदन अनुमोदनका लागि प्रस्ताव पेश गर्दै अन्त्य गर्दछौ ।

धन्यवाद ! जय सहकारी !

अमृता खत्री पण्डित	विनोद गुरुङ	सुदिप पौडेल
लेखा समिति सदस्य	लेखा समिति सदस्य	लेखा समिति संयोजक

स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

श्री शेयर सदस्यज्युहरु
मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड
भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपाल

लेखापरीक्षकको कैफियत सहितको राय :

हामीले यसै साथ सम्लग्न मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड, भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपालको साना तथा मझौला निकायको लागि नेपाल वित्तीय प्रतिवेदमान (NFRS for SMEs) बमोजिम तयार भएको २०८३ असार ३२ को वित्तीय स्थिति विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाबको बिवरण, नगद प्रवाह विवरण, कोषमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु (यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको) लेखापरीक्षण सम्पन्न गरेका छौं ।

कैफियत सहितको रायको आधार शिर्षक अर्न्तगत समावेश भएका बिषय बस्तुले पार्ने असर बाहेक हाम्रो रायमा र हामीले पाएको अधिकत्म जानकारी तथा हामीलाई दिईएको स्पष्टीकरणहरु बमोजिम माथि उल्लेखित वित्तीय विवरणले सारभूत रुपमा संस्थाको मिति २०८३ आषाढ ३२ को वित्तीय अवस्था तथा सो मितिमा अत्य भएको आर्थिक वर्षको नाफा नोक्सान बिवरण, नगद प्रवाह विवरण, कोषहरुमा भएको परिवर्तन नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको साना तथा मझौला संस्थाको लागि नेपाल वित्तीय प्रतिबेदनमान (NFRS for SMEs) बमोजिम उचित चित्रण गर्दछ ।

कैफियत सहितको रायका आधार :

सहकारीको लेखापरीक्षणको क्रममा भेटिएका कैफियतहरु :

१. NFRS for SME अनुसार यस सहकारीले आफ्नो ब्याज आम्दानी प्रोदभावी आधारमा लेखांकन गर्नुपर्नेमा सहकारी लेखापरीक्षण मापदण्ड २०७५ अनुसार नगद आधारमा लेखाङ्कन गरेको छ जसअनुसार प्रोदभावी आधारमा आय देखाउन सकिने रु.१३,५०,२६४/०० आयमा समावेश भएको देखिएन ।

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बोर्डद्धारा जारी गरिएको नेपाल लेखापरीक्षणमान (NSA) का अधिनमा रही सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूतरुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्टयाई गर्न प्रमाणको छडके परीक्षणलाई समेत लेखापरीक्षणमा समावेश गरिएको छ । सहकारीले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान तथा वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश गरिएको छ । नेपाल लेखापरीक्षणमान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको "वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व" शिर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्धारा जारी गरेको "द ह्याण्ड् बुक अफ द कोड अफ इथिक्स् फोर प्रोफेसनल एकाउन्टेन्ट्स" (The Handbook of the Code of Ethics for Professional Accountants) बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं र हामीले सो ह्याण्ड् बुक

बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं । हाम्रो लेखापरीक्षण प्रमाणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

विषय उपर जोड :
हामी वित्तीय विवरणसँग सम्बन्धित प्रमुख लेखा नीतिहरुको बुदा नं.२.१.१ मा उल्लेखित वित्तीय प्रतिवेदनको आधारतर्फ ध्यानाकृष्ट गराउन चाहन्छौं । वित्तीय विवरणहरु भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा जारी सहकारी क्षेत्रका लागि वित्तीय विवरणको ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड) २०७६ अनुसार तयार नगरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लागू गरेको साना तथा मझौला निकायका लागि नेपाल वित्तीय प्रतिवेदनमान प्रयोग गरी तयार गरिएका छन् ।

मुख्य लेखापरीक्षकीय विषयबस्तु :
हाम्रो ठहरमा लेखापरीक्षकको रुपमा चालु वर्ष कुनै विषयवस्तुलाई लेखापरीक्षकीय मुख्य विषयवस्तुका रुपमा उल्लेख गर्न आवश्यक देखिएन ।

वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकाको उत्तरदायित्व :
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले लागू गरेको साना तथा मझौला निकायको लागि नेपाल वित्तीय प्रतिबेदनमान (NFRS for SMEs) बमोजिम यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयारी एवम् प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटी रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई सहकारी विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, सहकारी निरन्तर संचालन हुने क्षमताको मूल्याङ्कन गर्ने, आवश्यकता बमोजिम खुलासा गर्ने र निरन्तर संचालनमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी सहकारीको व्यवस्थापनमा रहेको छ । सहकारीको व्यवस्थापन समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व :
वित्तीय विवरणहरु सम्पूर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत रुपमा त्रुटिरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक उच्च स्तरीय आश्वस्तता भएता पनि सारभूत त्रुटीहरु विद्यमान रहेको अवस्थामा समेत लेखापरीक्षणमान अनुरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरु सधैं पहिचान हुन्छन भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तूतिहरुले वित्तिय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने अपेक्षा गरिन्छ भन्ने, उक्त गलत प्रस्तुतिलाई सारभुत रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायीक ठहर तथा सुझबुझ (We Excrises Professional Judgement & Maintain Professional Skepticism) कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामी :

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभूत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्याङ्कन गरी ती जोखिमहरुको लागि प्रभावकारी लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो राय प्रदान गर्ने आधारको लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चूक, गलत

प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाई समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजीबाट हुने सारभूत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ ।

- सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता सम्बन्धि राय व्यक्त गर्ने उद्देश्य नभई, लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि संस्थाको लेखापरीक्षणमा प्रासगिंक हुने आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य, लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धि खुलासाहरुको मूल्याङ्कन गर्दछौं ।

- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरतामा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कुनै घटना वा अवस्थहरुसँग सम्बन्धित सारभूत अनिश्चितताको कारणले सहकारीको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शङ्का उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभूत अनिश्चितता रहेको निष्कर्ष निकालेकोमा, लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा, हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापी भविष्यका घटना तथा अवस्थाहरुले सहकारी अविच्छिन्न निकायको रुपमा नरहन सक्दछ ।

- वित्तीय विवरणको समग्र प्रस्तुतीकरण ढाँचा र खुलासा सहितको विषयवस्तु तथा अर्न्तनिहित कारोवार एवम् घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तुतिकरण गरे नगरेको मूल्याङ्कन गर्दछौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी बहन गरेकोहरुलाई अन्य विषयका अतिरिक्त, लेखापरीक्षण कार्य योजना, समय तालिका र महत्वपूर्ण लेखापरीक्षण खोजहरु लगायत सहकारीको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपूर्ण कमी कमजोरीहरुको जानकारी गराउँदछौं ।

अन्य कानुनी व्यवस्था र नियमनकारी व्यवस्था बमोजिमको प्रतिवेदन :

हाम्रो लेखापरीक्षणको समयमा हामीलाई उपलव्ध गराइएको जानकारी, स्पष्टिकरण, सूचनाहरुको साथै नेपाल लेखापरीक्षणमान बमोजिम लेखापरीक्षण गर्दा प्राप्त जानकारी अनुसार,

१. संस्थाले सहकारीको सिद्धान्त, मूल्य, मान्यता बमोजिम व्यवस्थित, पारदर्शी एवम् अध्यावधिक रुपमा कारोवार गरेको पाईयो ।

२. संस्थाले सहकारी ऐन, २०७४ को दफा ७४, बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ६० तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५३ अनुसार दोहोरो लेखाप्रणालीमा आधारित कारोवारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी प्रचलित कानुन बमोजिम पालना गर्नुपर्ने शर्त एवम् व्यवस्था पालना गरेको पाईयो ।

३. संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणले २०८२ जेठ ०९ गतेको निर्णयबाट **बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियमकीय मापदण्ड, २०८२** मा भएको व्यवस्था बमोजिम ऋणको वर्गिकरण गरी असल ऋणमा १ प्रतिशत, कमसल ऋणमा २५ प्रतिशत, शंकास्पद ऋणमा ५० प्रतिशत र खराव ऋणमा १०० प्रतिशत ऋण नोक्सानी व्यवस्था गरेको पाईयो ।

४. संस्थाले सहकारी ऐन, २०७४ को दफा ५० र दफा ५२ को व्यवस्था बमोजिम आफ्ना सदस्यहरुसँग मात्र बचत तथा ऋणको कारोवार गर्ने गरेको, संस्थाको प्राथमिक पुँजीकोषको १५ गुणा भन्दा बढी र प्रति सदस्य प्राथमिक पुँजीकोषको १० प्रतिशत भन्दा बढी हुने गरी बचत संकलन नगरेको र नियमित बचतलाई प्रोत्साहन गर्ने गरेकाले नियमित बचतको अंश कूल बचतको ४८.२५ रहेको पाईयो ।

५. संस्थाले राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाको सञ्चालन सम्बन्धमा जारी गरिएको नियमकीय मापदण्ड, २०८२ को परिच्छेद ४ बमोजिम संस्थामा कूल बचत दायित्वको कम्तिमा १५ प्रतिशत रहने (छाता संगठनहरुमा रहेको तत्काल तरलतामा परिणत गर्न सकिने बचत लगानी समेतका आधारमा) गरी तरलता व्यवस्थापन गरेको पाईयो ।

६. संस्थाले बिना धितो ऋण लगानी गर्दा सदस्यता लिएको छ महिना व्यतित भएका नियमित बचत गरिरहेका सम्बन्धित ऋणी सदस्य र अन्य दुई जना सदस्यको बचत जमानीमा मात्र ऋणी सदस्यको बचतको पाँच गुणा वा तीन लाख रुपैया मध्ये जुन कम हुन्छ सोही बराबरमात्र ऋण लगानी गर्नु पर्नेमा सदस्यको बचत रकमको ३.३३ गुणा वा पाँच लाख रुपैया मध्ये जुन कम हुन्छ सोही बराबरको ऋण लगानी गर्ने गरेको पाईयो ।

७. संस्थाले स्वीकृत विनियममा उल्लेखित शेयर पुँजी भन्दा बढी शेयर रकम संकलन नगरेको, एकै सदस्यलाई संस्थाको तत्काल कायम रहेको प्राथमिक पुँजीकोषको अधिकतम १५ प्रतिशत भन्दा बढी हुने गरी ऋण प्रवाह गरेको पाईएन ।

८. संस्थाले ऋणी सदस्य स्वयंको वा निजको एकाघर परिवारको धितोमा वाहेक आफ्ना सदस्यहरुलाई तेस्रो पक्ष धितो राखी ऋण प्रवाह गर्ने कार्य गरेको पाईएन ।

९. संस्थाले सदस्यको तिर्नसक्ने क्षमता तथा धितोको वास्तविक अवस्थाको विश्लेषण गरी व्यवसायिक योजना, ऋण लगानीको उदेश्य र प्रयोजन, ऋणी सदस्यको परियोजनामा स्वःपुँजी लगानीको अवस्था समेतलाई मध्यनजर गरी सदस्य बनेको ३ महिना व्यतित भएपछि मात्र ऋण लगानी गर्ने गरेको पाईयो ।

१०. संस्थाले कोष परिचालन सम्वन्धी कार्य विधि तयार गरेको, सम्बधित कोषको उदेश्य अनुरुप परिचालन गरेको, शेयर लाभांश कोषबाट शेयर पुँजीको अधिकतम १५ प्रतिशत भन्दा बढी हुने गरी लाभांश वितरण नगरेको र संरक्षित पुँजी फिर्ता कोषबाट लाभांश वितरण गर्दा अनिवार्य रुपमा कारोवारको आधारमा गर्ने गरेको पाईयो ।

११. संस्थाले सञ्चालक, लेखा सुपरिवेक्षण समितिका सदस्य, ऋण उपसमितिका सदस्य, कर्मचारी तथा शेयर सदस्यहरुलाई सहकारी शिक्षा, तालिम तथा सूचना प्रदान गर्ने वित्तीय साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गरेको पाईयो ।

१२. संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धमा राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट जारी निर्देशन बमोजिम सदस्यता पहिचान फारम अध्यावधिक गर्ने गरको, कार्यान्वयन अधिकारी नियुक्त गरेको, संस्थागत जोखिम पहिचान र मूल्याङ्कन गर्ने गरेको तर नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाईको goAML Software System मा आवद्ध भई सीमा कारोवार प्रतिवेदन (TTR), शंकास्पद कारोवारको प्रतिवेदन (STR) र शंकास्पद गतिविधि प्रतिवेदन (SAR) पठाउने गरेको पाईयो ।

१३. सहकारी ऐन, २०७४ को दफा ७६, बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ६२ तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५५ ले तोके अनुसार लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण साधारणसभाले गर्नु पर्ने व्यवस्थाको पालना गरेको पाईयो ।

१४. संस्थाले सहकारी ऐन, २०७४ को दफा ३९, बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ३५ तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा २८ ले तोकेको अवधि भित्रै साधारणसभा सम्पन्न गरेको पाईयो भने सहकारी ऐनको दफा ७५(२) अनुसार लेखापरीक्षण असोज मसान्तसम्म सम्पन्न गरिनुपर्नेमा सोही बमोजिम समयमा नै सम्पन्न भएको पाईयो ।

१५. संस्थाले सहकारी ऐन, २०७४ को दफा ६८ को उपदफा (१), बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ५४ को उपदफा १ तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ४७ अनुसार जगेडा कोषमा रकम जम्मा गरेको पाईयो ।

१६. संस्थाले सहकारी ऐन, २०७४ को दफा ६९ को उपदफा २, बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ५५ को उपदफा २ तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ४८ बमोजिम संरक्षित पुँजी फिर्ता कोषमा २५ प्रतिशत व्यवस्था गरेको पाईयो ।

१७. संस्थाले सहकारी ऐन, २०७४ को दफा ७१, बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ५७ तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५० अनुसार जगेडाकोष, संरक्षित पुँजी फिर्ताकोष र सहकारी प्रवर्द्धनकोषमा रकम छुट्याई सके पछिको रकमलाई १०० प्रतिशत मानी सो रकमबाट शेयर लाभांश कोषलगायत अन्य कोषहरु व्यवस्था गरेको पाईयो ।

१८. सहकारी ऐन, २०७४ को दफा ५० को उपदफा (४), बागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ४६(४) तथा भरतपुर महानगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ३९ को उपदफा (४) बमोजिम बचत र ऋणको व्याजदरको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने व्यवस्था गरेकामा संस्थाले लिने र दिने व्याजको अन्तर ६% भित्रै रहेको पाईयो ।

१९. संलग्न वित्तीय स्थिती विवरण, नाफा नोक्सान विवरण र नगद प्रवाह विवरण सारवान रुपमा प्रचलित कानून बमोजिम निर्दिष्ट गरेको लेखा प्रचलन अनुरुप तयार भएको छ । संस्थाले गरेका सबै खर्चहरु सञ्चालक समितिले अनुमोदन गरेको देखिन्छ । सहकारी ऐनमा पनि नियामक निकायले जारी गरेको वित्तीय प्रतिवेदनमान अनुसार लेखा राख्ने तथा वित्तीय विवरण बनाउने कुरा उल्लेख रहेको छ ।

२०. संस्थाको संचालक समिति, कर्मचारीले प्रचलित कानून विपरित कामकाज गरेको, अनियमितता गरेको, संस्थाको सम्पत्ति हिनामिना गरेको, संस्थाका निक्षेपकर्ताहरु तथा लगानीकर्ताहरुको हित विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

आर.ए भीमार्जुन न्यौपाने
निमित्त : न्यौपाने एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

आर.ए भीमार्जुन न्यौपाने
निमित्त : न्यौपाने एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

UDIN Number: 260924RA050675 FsHj

UDIN Number:
मिति : २०८३/०५/१७
स्थान : खैरहनी नगरपालिका-०९, चितवन

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपाल

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

नगद प्रवाह विवरण (Statement of Cash Flows)

विवरण	+,-	चालु आ.व.रु.	गत आ.व.रु.
सञ्चालन गतिविधिबाट नगद प्रवाह			
कर पछिको नाफा/(नोक्सान)	+	११,५५०,०८०.१४	१३,०९४,५८४.५१
समायोजन :			
१. ह्रास कट्टी	+	६६०,०६०.३०	६४१,९७३.५१
२. क्षयिकरण खर्च		–	–
३. आयकर सम्पत्ति/दायित्वमा (वृद्धि)/कमी	-	(१८३,८२४.४०)	(२,७८९,०८०.८३)
४. स्थगन कर खर्च/(आम्दानी)	+	१९,७५८.३७	४२,३१५.२४
सञ्चालन गतिविधिबाट नगद प्रवाह		१२,०४६,०७४.४१	१०,९८९,७९२.४३
चालु सम्पत्ति तथा दायित्वमा भएको परिवर्तन			
१. सदस्यबाट बचत र निक्षेप दायित्वमा वृद्धि/(कमी)	+	४७,६६८,३४६.४१	७१,५३२,६५५.८२
२. कर्मचारी लाभहरुको लागि दायित्वमा वृद्धि/(कमी)		–	–
३. सदस्यलाई ऋण तथा सापट भुक्तानीमा (वृद्धि)/कमी	-	(५६,८२२,९४७.२१)	(६७,४९९,४३७.०१)
४. अन्य दायित्वमा वृद्धि/(कमी)	+	२,७६२,५७०.०७	१,१९०,२१३.२१
६. अन्य सम्पत्तिमा (वृद्धि)/कमी	-	(१६१,९०२.७७)	(११,२७६.८२)
कार्यशिल पुँजीबाट भएको परिवर्तन		(६,५५३,९३३.५०)	५,२१२,१५५.२०
कूल सञ्चालन गतिविधिबाट नगद प्रवाह (क)		५,४९२,१४०.९१	१६,२०१,९४७.६३
लगानी गतिबिधिबाटको नगद प्रवाह			
१. स्थिर सम्पत्ति खरिद	-	(४९१,६८७.००)	(६४४,०७५.५०)
२. स्थिर सम्पत्ति बिक्री		–	–
३. लगानी धितोपत्रहरुमा (वृद्धि)/कमी	+	११,४००,०५६.१३	(७६,५८२.३८)
४. गैर बैङ्कीङ्ग सम्पत्तिमा (वृद्धि)/कमी	-	(५,४६८,५००.००)	–
कूल लगानी गतिविधिबाट नगद प्रवाह (ख)		५,४३९,८६९.१३	(७२०,६५७.८८)
वित्तीय गतिविधिबाट नगद प्रवाह			
१. शेयर पुँजीमा वृद्धि/(कमी)	+	६३०,६००.००	१,४५६,०००.००
२. कर्जा सापटीमा वृद्धि/(कमी)		–	–
३. अनुदान दायित्वहरुमा (वृद्धि)/कमी		–	–
४. साधारण जगेडा तथा अन्य वैधानिक कोषहरु (खर्च)/समायोजन	+	२,४२७,४५४.६७	–
कूल वित्तिय गतिविधिबाट नगद प्रवाह (ग)		३,०५८,०५४.६७	१,४५६,०००.००
कूल गतिविधिबाट नगद प्रवाह (क+ख+ग)		१३,९९०,०६४.७१	१६,९३७,२८९.७५
शुरु नगद तथा बैङ्क मौज्दात	+	१७,२४९,५७०.२१	३१२,२८०.४५
चालु आ.व.को अन्त्यको नगद तथा बैङ्क मौज्दात		३१,२३९,६३४.९२	१७,२४९,५७०.२०

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपाल

मिति २०८३ आषाढ ३२ गते

सन्तुलन परीक्षण (Trial Balance)

विवरण	टिप्पणी	चालु आ.व.रु.	गत आ.व.रु.
डेविट रकम			
नगद वा नगद सरह	४	१,२८०,१७२.८१	७६५,५३५.१०
वैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दात	५	२९,९५९,४६२.११	१६,४८४,०३५.१०
सदस्यलाई ऋण तथा सापट	६	४४६,११३,६७५.५९	३८९,२९०,७२८.३८
कर्मचारीलाई ऋण तथा सापट	६	-	-
लगानी धितोपत्रहरु	७	४१,६८२,२५४.०४	५३,०८२,३१०.१७
आयकर सम्पत्ति	८	५,०३९,४९९.२८	४,२३१,१५०.३५
लगानी सम्पत्तिहरु	९	५,४६८,५००.००	-
सम्पत्ति, यन्त्र तथा उपकरण	१०	८,०९३,९४७.१५	८,२६२,३२०.४५
ख्याती तथा अमूर्त सम्पत्ति	११	-	-
स्थगन कर सम्पत्ति	१२	-	-
अन्य सम्पत्ति	१३	६७९,२०४.९९	५१७,३०२.२२
ब्याज खर्च	२८	१८,४०१,०७१.००	१९,९३१,१६७.००
बिक्री गरिएका सामानको लागत र अन्य प्रत्यक्ष खर्च	३०	-	-
ऋणको क्षयिकरण/ऋण तथा अन्य हानीको फिर्ता	३२	१६,३१३,०४५.७८	१३,२४८,३४३.२३
कर्मचारी लाभ खर्च	३३	६,७८७,१०९.८०	५,८५७,६६९.६०
अन्य प्रशानिक र सञ्चालन खर्च	३४	३,६९९,३३६.७४	३,१५१,३७६.८६
मर्मत तथा सुधार खर्च	३५	६९,८६५.००	२११,९१२.००
ह्रास कट्टी, परिशोधन तथा क्षयिकरण खर्च	३६	६६०,०६०.३०	६४१,९७३.५१
गैर सञ्चालन खर्च	३७	-	-
जम्मा		५८४,२४७,२०४.५९	५१५,६७५,८२३.९७
क्रेडिट रकम			
सदस्यबाट बचत र निक्षेप दायित्व	१४	४१२,८०१,९६८.१६	३६५,१३३,६२१.७५
कर्जा सापटी	१५	-	-
कर्मचारी लाभको लागि व्यवस्था	१६	-	-
आयकर दायित्व	८	-	-

स्थगन कर दायित्व	१२	२८१,६२५.६५	२३९,३१०.४१
अनुदान दायित्वहरु	१७	-	-
अन्य दायित्व	१८	६,१७१,८२४.४२	३,३१५,०००.६८
व्यवस्था	१९	-	-
शेयर पुँजी	२०	३६,४८४,४००.००	३५,८५३,८००.००
साधारण जगेडा कोष	२१	६०,४११,४०५.३४	४५,३०४,३००.८२
संरक्षित पुँजी फिर्ता कोष	२२	-	(०.००)
अन्य वैधानिक कोषहरु	२२	२,६८१,७६९.१२	२,२६६,८३४.४६
पुर्नरमूल्याङ्क कोष	२३	-	-
उचित मूल्य कोष	२४	-	-
सञ्चित मुनाफा		-	-
व्याज आम्दानी	२६	५६,७०१,१०९.५५	५३,८७०,७६८.०४
बिक्री तथा अन्य सञ्चालन आम्दानी	२७	८,४४९,०४५.३४	९,३३०,५८०.९३
अन्य आय	३०	१३९,६३६.००	२३६,२६६.८८
ऋणको क्षयिकरण/ऋण तथा अन्य हानीको फिर्ता	३१	-	-
गैर सञ्चालन आय	३६	१२४,४२१.००	१२५,३४०.००
जम्मा		५८४,२४७,२०४.५९	५१५,६७५,८२३.९८

रामजी घिमिरे
व्यवस्थापक

लिला कुमारी बानियाँ विष्ट
सदस्य

कोपिला अर्याल सापकोटा
सदस्य

रोश्नी बुढाथोकी
सदस्य

डिलाराम कंडेल
सदस्य

सुदिप पौडेल
लेखा स. संयोजक

गंगाधर पोखेल
सह-सचिव

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

रामचन्द्र बस्ताकोटी
सचिव

विष्णुमाया पाण्डे
उपाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

भार.ए भीमार्जुन न्यौपाने
प्रतिनिधि : न्यौपाने एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपाल

वित्तीय स्थितिको विवरण (Statement of Financial Position)

मिति २०८३ आषाढ ३२ गते

विवरण	टिप्पणी	चालु आ.व.रु.	गत आ.व.रु.
सम्पत्ति			
नगद वा नगद सरह	४	१,२८०,१७२.८१	७६५,५३५.१०
वैङ्क तथा वित्तीय संस्थामा रहेको मौज्दात	५	२९,९५९,४६२.११	१६,४८४,०३५.१०
सदस्यलाई ऋण तथा सापट	६	४४६,११३,६७५.५९	३८९,२९०,७२८.३८
कर्मचारीलाई ऋण तथा सापट	६	–	–
लगानी धितोपत्रहरु	७	४१,६८२,२५४.०४	५३,०८२,३१०.१७
आयकर सम्पत्ति	८	–	–
लगानी सम्पत्तिहरु	९	५,४६८,५००.००	–
सम्पत्ति, यन्त्र र उपकरण	१०	८,०९३,९४७.१५	८,२६२,३२०.४५
ख्याती तथा अमूर्त सम्पत्ति	११	–	–
स्थगन कर सम्पत्ति	१२	–	–
अन्य सम्पत्ति	१३	६७९,२०४.९९	५१७,३०२.२२
कूल सम्पति		५३३,२७७,२१६.६९	४६८,४०२,२३१.४३
दायित्वहरु			
सदस्यबाट बचत र निक्षेप दायित्व	१४	४१२,८०१,९६८.१६	३६५,१३३,६२१.७५
कर्जा सापटी	१५	–	–
कर्मचारी लाभको लागि व्यवस्था	१६	–	–
आयकर दायित्व	८	१,१०३,१३७.९१	१,२८६,९६२.३१
स्थगन कर दायित्व	१२	३०१,३८४.०२	२८१,६२५.६५
अनुदान दायित्वहरु	१७	–	–
अन्य दायित्व	१८	७,९४३,०७१.९९	५,१८०,५०१.९२
व्यवस्था	१९	–	–
कूल दायित्व		४२२,१४९,५६२.०८	३७१,८८२,७११.६३
पुँजी			
शेयर पुँजी	२०	३६,४८४,४००.००	३५,८५३,८००.००
साधारण जगेडा कोष	२१	६३,२९८,९२५.३८	४८,५७७,९४६.९५
संरक्षित पुँजी फिर्ता कोष	२२	२,१६५,६४०.०३	२,४५५,२३४.६०
अन्य वैधानिक कोषहरु	२२	९,१७८,६८९.२०	९,६३२,५३८.२४
सञ्चित मुनाफा	२५	–	–
कूल पुँजी		१११,१२७,६५४.६१	९६,५१९,५१९.८०
कूल पुँजी तथा दायित्व		५३३,२७७,२१६.६९	४६८,४०२,२३१.४३
प्रति शेयर खुद सम्पत्ति मूल्य		३०४.५९	२६९.२०
महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी			

रामजी घिमिरे व्यवस्थापक	लिला कुमारी बानियाँ विष्ट सदस्य	कोपिला अर्याल सापकोटा सदस्य	रोश्नी बुढाथोकी सदस्य	डिलाराम कंडेल सदस्य	सुदिप पौडेल लेखा स. संयोजक
गंगाधर पोखेल सह-सचिव	लालुमायाँ पाण्डे कोषाध्यक्ष	रामचन्द्र बस्ताकोटी सचिव	विष्णुमाया पाण्डे उपाध्यक्ष	बाबुराम परियार अध्यक्ष	आर.ए भीमार्जुन न्यौपाने प्रोप्राइटर : न्यौपाने एसोसिएट्स रजिष्टर्ड अडिटर्स

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपाल

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

नाफा नोक्सान विवरण (Statement of Profit or Loss)

विवरण	टिप्पणी	चालु आ.व.रु.	गत आ.व.रु.
व्याज आम्दानी	२६	५६,७०१,१०९.५५	५३,८७०,७६८.०४
व्याज खर्च	२७	१८,४०१,०७१.००	१९,९३१,१६७.००
खुद व्याज आम्दानी		३८,३००,०३८.५५	३३,९३९,६०१.०४
बिक्री तथा अन्य सञ्चालन आम्दानी	२८	८,४४९,०४५.३४	९,३३०,५८०.९३
बिक्री गरिएका सामानको लागत र अन्य प्रत्यक्ष खर्च	२९	–	–
खुद बिक्री तथा अन्य सञ्चालन आम्दानी		८,४४९,०४५.३४	९,३३०,५८०.९३
खुद व्याज, शुल्क तथा कमिशन आम्दानी		४६,७४९,०८३.८९	४३,२७०,१८१.९७
अन्य आय	३०	१३९,६३६.००	२३६,२६६.८८
जम्मा सञ्चालन आम्दानी		४६,८८८,७१९.८९	४३,५०६,४४८.८५
ऋणको क्षयिकरण/ऋण तथा अन्य हानीको फिर्ता	३१	१६,३१३,०४५.७८	१३,२४८,३४३.२३
खुद सञ्चालन आम्दानी		३०,५७५,६७४.११	३०,२५८,१०५.६२
कर्मचारी लाभ खर्च	३२	६,७८७,१०९.८०	५,८५७,६६९.६०
अन्य प्रशानिक र सञ्चालन खर्च	३३	३,६९९,३३६.७४	३,१५१,३७६.८६
मर्मत तथा सुधार खर्च	३४	६९,८६५.००	२११,९१२.००
ह्रास कट्टी, परिशोधन तथा क्षयिकरण खर्च	३५	६६०,०६०.३०	६४१,९७३.५१
सञ्चालन नाफा		१९,३५९,३०२.२७	२०,३९५,१७३.६५
गैर सञ्चालन आय	३६	१२४,४२१.००	१२५,३४०.००
गैर सञ्चालन खर्च	३७	–	–
कर्मचारी वोनस खर्च अघिको नाफा		१९,४८३,७२३.२७	२०,५२०,५१३.६५
कर्मचारी वोनस खर्च	१८	१,७७१,२४७.५७	१,८६५,५०१.२४
आयकर अघिको नाफा		१७,७१२,४७५.७०	१८,६५५,०१२.४१
आयकर खर्च			
यस वर्षको कर खर्च	३८	६,१४२,६३७.१९	५,५१८,११२.६६
विगत वर्षसम्मको कर व्यवस्था	८	–	–
यस वर्षको स्थगन कर (आम्दानी)/खर्च	१२	१९,७५८.३७	४२,३१५.२४
यस अवधिको नाफा		११,५५०,०८०.१४	१३,०९४,५८४.५१
प्रति शेयर आम्दानी			
आधारभूत प्रति शेयर आम्दानी (Basic EPS)		३१.६६	३६.५२
महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी			

रामजी घिमिरे
व्यवस्थापक

लिला कुमारी बानियाँ विष्ट
सदस्य

कोपिला अर्याल सापकोटा
सदस्य

रोशनी बुढाथोकी
सदस्य

डिलाराम कंडेल
सदस्य

सुदिप पौडेल
लेखा स. संयोजक

गंगाधर पोखेल
सह-सचिव

लालुमायाँ पाण्डे
कोषाध्यक्ष

रामचन्द्र बस्ताकोटी
सचिव

विष्णुमाया पाण्डे
उपाध्यक्ष

बाबुराम परियार
अध्यक्ष

आर.ए भीमार्जुन न्यौपाने
प्रोप्राइटर : न्यौपाने एसोसिएट्स
रजिष्टर्ड अडिटर्स

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

भरतपुर महानगरपालिका-१६, गाविसचोक, मंगलपुर, चितवन, बागमती प्रदेश, नेपाल

श्रावण १, २०८२ देखि आषाढ ३२, २०८३ सम्मको

बचत (नाफा/नोक्सान) बाँडफाँडको विवरण (Statement of Net Profit/Loss Appropriation)

विवरण	प्रतिशत	चालु आ.व.रु.	गत आ.व.रु.
गत आ.व.को सञ्चित मुनाफा		-	-
नाफा नोक्सान विवरण बमोजिमको नाफा/(नोक्सान)		११,५५०,०८०.१४	१३,०९४,५८४.५१
गत वर्षको थप		-	-
NFRS for SMEs समायोजन कोष अघिको नाफा/नोक्सान		११,५५०,०८०.१४	१३,०९४,५८४.५१
क) अघिल्लो व्याज वक्यौता प्राप्ती		-	-
ख) गैर वैकिङ्ग सम्पत्तिको व्यवस्था		-	-
ग) लगानी सम्पत्तिको व्यवस्थामा परिवर्तन		-	-
घ) स्थगन कर सम्पत्ति/दायित्व			
NFRS for SMEs समायोजन कोष अघिको नाफा/नोक्सान		११,५५०,०८०.१४	१३,०९४,५८४.५१
घटाउने : स्थगन अनुदान आम्दानी		-	-
कोषमा वाँडफाँड हुने रकम		११,५५०,०८०.१४	१३,०९४,५८४.५१
जगेडा कोष	२५	२,८८७,५२०.०३	३,२७३,६४६.१३
संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोष अघिको नाफा		८,६६२,५६०.१०	९,८२०,९३८.३८
संरक्षित पुँजी फिर्ता कोष	२५	२,१६५,६४०.०३	२,४५५,२३४.६०
सहकारी प्रवर्द्धन कोष	०.५	४३,३१२.८०	४९,१०४.६९
जम्मा		२,२०८,९५२.८३	२,५०४,३३९.२९
अन्य कोषमा वाँडफाँड अघिको नाफा		६,४५३,६०७.२८	७,३१६,५९९.०९
शेयर लाभांश कोष	७०	४,५१७,५२५.०९	५,१२१,६१९.३७
कर्मचारी वोनस कोष	०	-	-
सहकारी शिक्षा कोष	५	३२२,६८०.३६	३६५,८२९.९५
सहकारी विकास कोष	५	३२२,६८०.३६	३६५,८२९.९५
घाटापूर्ति कोष	५	३२२,६८०.३६	३६५,८२९.९५
सामुदायिक विकास कोष	५	३२२,६८०.३६	३६५,८२९.९५
सहकारी स्थिरिकरण कोष	५	३२२,६८०.३६	३६५,८२९.९५
अन्य जोखिम कोष	५	३२२,६८०.३६	३६५,८२९.९५
जम्मा		६,४५३,६०७.२८	७,३१६,५९९.०९
कूल जम्मा		११,५५०,०८०.१४	१३,०९४,५८४.५१
महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी			

रामजी घिमिरे, व्यवस्थापक | लिला कुमारी बानियाँ विष्ट, सदस्य | कोपिला अर्याल सापकोटा, सदस्य | रोश्नी बुढाथोकी, सदस्य | डिलाराम कंडेल, सदस्य | सुदिप पौडेल, लेखा स. संयोजक

गंगाधर पोखेल, सह-सचिव | लालुमायाँ पाण्डे, कोषाध्यक्ष | रामचन्द्र बस्ताकोटी, सचिव | विष्णुमाया पाण्डे, उपाध्यक्ष | बाबुराम परियार, अध्यक्ष

आर.ए भीमार्जुन न्यौपाने, प्रोप्राइटर : न्यौपाने एसोसिएट्स, रजिष्टर्ड अडिटर्स

मंगलपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेड

